अन्तर्राष्ट्रिय सीमाका विषयमा राष्ट्रिय सहमति... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक ४७ • २०८१ साल असार २१ गते शुक्रबार (5 July, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशमा जनमतलाई एमालेले विश्वासको मत दिने

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय गठबन्धन फेरिएसँगै प्रदेशमा समेत सरकार परिवर्तन हुन लागेको बखत मधेश प्रदेशमा जनमत नेतृत्वको सरकारलाई एमालेले विश्वासको मत दिने भएको छ।

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले शनिबार अनिवार्य रुपमा विश्वासको मत लिनुपर्ने छ। मधेश प्रदेश सभा सचिवालयले सार्वजनिक गरेको शनिबारको कार्यसूचीमा बिहान ११ बजे मुख्यमन्त्री सिंहले विश्वासको मत लिने उल्लेख छ।

नेकपा एमाले मधेश प्रदेशका प्रमुख सचेतक हरिनारायण महतोलेजनमतनेतृत्वकोसरकारलाई विश्वासको मत दिने बताएका छन्। 'संघीय निर्देशनपनि त्यस्तै आएको छ।' उनले भने, संघीय गठबन्धनको निर्देशन प्राप्त नभए सम्म यसै सरकारलाई समर्थन गरिने छ।

मधेश प्रदेशमा जनमत नेतृत्वको सरकारमा नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एस, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ती पार्टी सहभागी छ। सरकारलाई ५५ जना सभासदको समर्थन छ।

मधेश प्रदेशमा सरकारको नेतृत्व लिन नेपाली कांग्रेसले लविंग सुरु गरिसकेको छ। कांग्रेसका सभासदहरु सरकारको नेतृत्वका लागि संघीय राजधानी काठमाण्डु पुगेका थिए।

संघीय गठबन्धनकै अनुसार प्रदेशमा सरकार रहने भएपनि मधेश प्रदेशमा कांग्रेस र एमाले संसदीय दलका नेताहरुबीच भेंटवार्ता भएको छैन।

> संघीय गठबन्धनकै अनुसार प्रदेशमा सरकार रहने भएपनि मधेश प्रदेशमा कांग्रेस र एमाले संसदीय दलका नेताहरुबीच भेंटवार्ता भएको छैन ।

नेकपा एमाले संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले संघीय गठबन्धनको निर्णय अनुसार नै प्रदेशमा सरकार बन्ने बताएका छन । 'संघीय गठबन्धनको निर्णय अनुसार नै प्रदेशमा सरकार बन्ने छ' उनले भने, हाल सम्म पार्टीको केन्द्रीय निर्देशन प्राप्त नभएकाले वर्तमान गठबन्धन नै कायम छ।

संघीय गठबन्धनमा परिवर्तन भई नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता गठबन्धनको सहमति भइसकेको छ। सरकारमा रहेका एमालेका आठ जना मन्त्रीले राजीनामा समेत दिइसकेका छन्। सरकारलाई दिएको समर्थन फिर्ता लिएर दूरगामी प्रभाव पर्ने कुनै कार्य नगर्न सरकारलाई सचेत समेत एमालेले गराएको छ।

सुदुरपश्चिम प्रदेशमा नेकपा एसको नेतृत्वमा रहेको सरकारबाट एमाले फिर्ता भएको छ। सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छ।

मधेश बाहेकका ६ वटा प्रदेशमा कांग्रेस र एमालेको प्रष्ट बहुमत रहेको छ। मधेश प्रदेशमा मधेश केन्द्रित एउटा दलको समर्थन अनिवार्य चाहिन्छ । संघीय गठबन्धनमा समावेश भएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले पनि मधेश प्रदेश सरकारको नेतृत्वमा दाबी गरेको छ। जसपा नेपालका मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत नपाउँदा पदमुक्त भएकाले जसपाले मुख्यमन्त्रीमा स्वभाविक दाबी रहेको छ।

### मधेश प्रदेशमा आजदेखि बजेटमाथि छलफल

## भएन संशोधन, कांग्रेससहितको विपक्षले बहिष्कार गर्ने संकेत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले सार्वजनिक गरेको बजेट माथि शुक्रबारदेखि छलफल शुरु हुने भएको छ। अर्थमन्त्री भरतप्रसाद साहले जनाए अनुसार शुक्रबार बजेटमाथि छलफल सुरु हुने छ।



प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बजेट पुनर्लेखन गर्ने पटक-पटक बताए पनि असार १ गते अर्थमन्त्री साहले प्रदेश सभामा प्रस्तुत गरेको बजेट यथास्थितिमा नै छलफलका लागि टेबुल हुने छ।

'संसदीय कानुन र व्यवहार अनुसार संसदमा प्रस्तुत भएको बजेट यथास्थितिमा नै एक पटक पास हुनुपर्छ' मन्त्री साहले भने, बजेटमा देखिएका त्रुटिहरुलाई पुरक बजेट ल्याएर सम्बोधन गरिनेछ।

संसदमा प्रस्तुत भइसकेको बजेट पुनर्लेखन हुने प्रावधान नभए पनि मुख्यमन्त्री सिंहले सर्वदलीय बैठकमा बजेटमा व्यापक त्रुटि भएको र ह्याक गरी अनधिकृत रुपमा योजना प्रविष्ट भएकाले पुनर्लेखन गरी प्रदेश सभामा प्रस्तुत गरिने प्रतिवद्धता जनाएका थिए।

विपक्षी दलहरुले पनि बजेट पुनर्लेखन गरी प्रदेश सभामा पेश गर्न मुख्यमन्त्री सिंहलाई ज्ञापन बुझाएका थिए । उनीहरुले ह्याक गर्नेहरुको छानविन गरी कारबाही गर्नुपर्ने र बजेट समानुपातिक ढंगले वितरण गर्नुपर्ने माग राखेका छन्।

सरकारले विपक्षी दलहरुको मागको विषयमा केही बोलेको छैन । प्रदेश सभामा वाचन गरिएको ४३ अर्ब ८९ करोड २१ लख ७० हजार रुपैयाँको बजेटमाथि नै छलफल हुनेछ। बजेट प्रस्तुत भएको ठ्याक्कै २१ औं दिन छलफलमा लगिएको छ।

प्रदेश सभा सचिवालयले शुक्रबार बिहान ११ बजे बस्ने प्रदेश सभाको बैठकमा आर्थिक वर्ष २०८१/०८२ को बजेटमाथि छलफल हुने कार्यसुची रहेको जनाएको छ।

तर विपक्षी दलहरुले बजेटको छलफल बहिष्कार गर्ने जनाएको छ। मुख्यमन्त्री सिंहले सर्वदलीय बैठकमा जनाएको प्रतिवद्धता अनुसार बजेटमा सुधार नभएकाले छलफल बहिष्कार गर्ने नेपाली कांग्रेसका सभासद शेषनारायण यादवले जनाएका छन्।

संघीय राजधानी काठमाण्डुमा रहेका कांग्रेसका सभासदहरु बिहीबार अबेर रातिसम्म मधेश प्रदेश फर्किने भएका छन् । 'विपक्षी दलहरुको तर्फबाट मुख्यमन्त्रीलाई बुझाइएको ज्ञापनपत्र अनुसार बजेट संशोधन नभए छलफल हुँदैन्' सभासद यादवले भने, बजेट ह्याक भएको र अनधिकृत रुपमा योजना प्रविष्ट गरिएको सार्वजनिक रुपमा नै मुख्यमन्त्री र अर्थमन्त्रीले स्वीकार गरेकाले संशोधन हुनुपर्छ।

संघीय गठबन्धनमा नेपाली कांग्रेस र एमाले मिले पनि मधेश प्रदेशमा अहिले गठबन्धनबीच औपचारिक रुपमा संवाद भएको छैन।

एमालेका नेताहरुले प्रदेश सरकार सम्बन्धमा केन्द्रीय निर्देशन नआएको जनाउँदै बजेटमाथिको छलफलमा भाग लिने बताएका छन्।

कानुन अनुसार बजेट पुनर्लेखन अथवा संशोधन गर्न नमिल्ने भएकाले पछि पुरक बजेट ल्याएर सांसदहरुको माग सम्बोधन गर्ने सहमति अनुसार बजेटमा भाग लिने एमाले संसदीय दलका प्रमुख सचेतक हरिनारायण महतोले बताएका छन्।

'मधेश प्रदेशमा हाल कायम रहेको गठबन्धन सरकारले नै बजेट ल्याएकोले त्यसलाई एमालेले पारित गर्नेछ' उनले भने, 'बजेटको छलफल लगायतका प्रकृयामा हामी सहभागी हुनेछौं।'

मधेश प्रदेशमा सभासदहरुले प्रत्यक्ष सांसदको १२ करोड रुपैयाँ र समानुपातिक सांसदको ५ करोड रुपैयाँ बजेट बिनियोजन हुनुपर्ने माग गरिरहेका छन् ।त्यसका लागि सरकारले १० अर्ब रुपैयाँ छुट्ट्याउनु पर्ने माग छ।

हाल सरकारले प्रत्यक्ष सभासदका लागि ५ करोड रुपैयाँ र समानुपातिक सभासदका लागि डेढ करोड रुपैयाँको दरले व्यवस्था गरेको छ। तर बजेट सन्तुलित हुन नसकेको मुख्यमन्त्री सिंह र अर्थमन्त्री साहले स्वीकार गरिसकेका छन्। उनीहरुले नै बजेट पुनर्लेखन हुने प्रतिबद्धता जनाएको कारण बजेटमाथिको छलफल रोकिएको थियो।

जनता समाजवादी पार्टी(जसपा)नेपालका प्रमुख सचेतक रामअशिष यादवले बजेट वक्तव्यको छलफलमा सहभागी नहुने बताएका छन् । 'हामीले सरकारलाई बुझाएको ज्ञापन पत्रलाई सम्बोधन नगरिएकोले बजेट वक्तव्यमाथिको छलफलमा भाग लिने छैनौ' उनले भने, बजेट ह्याक गर्नेमाथि छानबिन गर्न समिति गठन हुनुपर्ने, ६४ वटै निर्वाचन क्षेत्रमा सन्तुलित ढंगले बजेटको वितरण हुनु पर्ने र बजेटको रातो किताब पुनर्लेखन हुनुपर्ने माग सम्बोधन हुनुपर्छ।

सरकारले बजेट पुनर्लेखन नगरेसम्म अधिकांश सांसदहरुले बजेट वक्तव्यमाथिको छलफलमा सहभागी नहुने उनले दाबी गरे।






# निजामती कर्मचारीको वृत्ति विकासको प्रक्रिया प्रारम्भ



काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले निजामती कर्मचारीको क्षमता अभिवृद्धि तथा वृत्ति विकासका लागि प्रक्रिया प्रारम्भ गरेको बताउनुभएको छ।

नयाँ संविधान जारी भएपछि पनि सङ्घीय निजामती सेवा ऐन लामो समयसम्म संशोधन नहुँदा काम अगाडि बढ्न नसकेको उहाँले स्वीकार गर्नुभयो । विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षकहरूमध्ये सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सम्बन्धमा सांसदहरूले उठाउनुभएको जिज्ञासाको जवाफमा मन्त्री जोशीले सङ्घीय निजामती ऐन जारी हुन नसक्दा कर्मचारीको सरुवा-बढुवा तथा अन्य काम कारबाहीमा जटिलता पैदा भएको मन्त्री जोशीको भनाइ छ।

"धेरैजसो कर्मचारी सङ्घमा बस्न खोज्ने, प्रदेश र स्थानीय तहमा जान नखोज्ने प्रवृत्ति पनि देखिएको छ । त्यसलाई समाधानका लागि सङ्घीय निजामती ऐन नै उपयुक्त विधि हुन्छ । त्यसका लागि मैले हदैसम्मको प्रयत्न गरेको छु", मन्त्री जोशीले भन्नुभयो ।दुई वर्षसम्म कुनै पनि कर्मचारीलाई सरुवा नगर्ने तथा उनीहरूको वृत्ति विकासको व्यवस्था हुने उहाँले बताउनुभयो ।रासस

# प्रधानमन्त्री दाहाललाई राजीनामा दिन महामन्त्री थापाको सुझाव

विराटनगर । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले प्रधानमन्त्री पुष्पकमल दाहाल' प्रचण्ड'लाई राजीनामा दिन सुझाव दिनुभएको छ।

विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै उहाँले प्रधानमन्त्री दाहालाई समर्थन गरेको प्रमुख दल नै सरकारमा नरहेको अवस्थामा नयाँ सरकार गठनका निम्ति राजीनामा दिएर मार्गप्रशस्त गर्नु उहाँका निम्ति श्रेयस्कर हुने बताउनुभयो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनामा नेपाली कांग्रेसको ठूलो योगदान रहेको बताउँदै उहाँले संविधान संशोधन आवश्यक भएको विचार व्यक्त गर्नुभयो ।



सबै पक्षको सहमतिमा त्यसलाई मूर्तरूप दिन नेपाली कांग्रसले हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो । महामन्त्री थापाले राजनीतिक स्थायित्व कायम गर्न संविधान संशोधन अपरिहार्य भएको दोहो्याउँदै मुलुकको विशिष्ट परिस्थितिमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी एमालेसहितको राष्ट्रिय सरकार गठन हुन लागेको बताउनुभयो ।रासस

# ब्रह्मकुमारी राजयोग सेवा केन्द्रमा मिडिया कक्ष स्थापना

**टुडे समाचारदाता**

राजविराज । ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको विभिन्न गतिविधिलगायतका सूचना प्रवाह गर्ने उदेश्यले मिडिया कक्षको स्थापना गरिएको छ।

राजविराजमा बिहीबार क्षेत्रीय कार्यालय बरदानी भवनमा बिहिवार आयोजित एक कार्यक्रमबीच नेपाल पत्रकार



महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव र केन्द्रकी मुख्य प्रभारी एवं संचालिका भगवती दिदीले संयुक्तरुपमा ओम शान्ति मिडियाकक्ष उद्घाटन गरेका छन्। सो अवसरमा मूख्य प्रभारी एवं संचालिका भगवती दिदीले केन्द्रको गतिविधिबारे आम सर्वसाधारणमा सूचना प्रवाह एवं सहजताका लागि मिडिया कक्षको स्थापना गरिएको बताइन्।

केन्द्रले आफ्ना गतिविधि विस्तार गर्ने क्रममा स्थापना गरेको यो २० औं प्रभाग (कक्ष ) हो। यस अघि शिक्षा, खेलकुद, स्वास्थ्य, धर्म, संस्कृति, कृषि, व्यवसाय, प्राविधिक, महिला, न्यायिक लगायत १९ वटा प्रभाग केन्द्रले संचालनमा ल्याएको छ। नयाँ थपिएको मिडीया कक्ष कार्यालयमा दिनानाथ यादव संयोजक तथा फूलचन्द्र यादव र मोहित यादव सदस्य रहेका छन्। उनीहरुलाई केन्द्रको गतिविधि संकलन तथा सूचना प्रवाहको जिम्मेवारी दिइएको केन्द्रले जनाएको छ।

सो अवसरमा पत्रकार महासंघका केन्द्रीय परिषद सदस्य मनोज कुमार माझी, शाखाको पूर्व अध्यक्ष मुरली प्रसाद यादव, सुधा देव, बुजमान तामांग, नवीन यादव, पिन्टु यादव, ध्रुव मण्डल, राजविराज नगरपालिकाका पूर्व मेयर शैलेश चौधरीलाई सम्मान गरिएको छ।

केन्द्रकी मुख्य संचालिका भगवती दिदीले उनीहरुलाई दोसल्ला तथा पुष्पगुच्छा प्रदान गरेर सम्मान गरे। सो अवसरमा अध्यक्ष देवले केन्द्रले स्थापना गरेको ओम शान्ति मिडिया कार्यालयबाट सर्वसाधारणले समयमै केन्द्रको सम्पूर्ण गतिविधि बारे सूचना प्राप्त गर्ने र यसबाट कर्मयोग, ज्ञानयोग र भक्तीयोग श्रीवृद्धिमा मदत पुऱ्याउने विश्वास व्यक्त गरे। मिडिया कार्यालय स्थापनाले आम सर्वसाधारणमा सकारात्मक सोच र धर्म प्रतिको आस्थामा विकास हुने समेत विश्वास गरिएको केन्द्रले जनाएको छ।

> केन्द्रकी मुख्य संचालिका भगवती दिदीले उनीहरुलाई दोसल्ला तथा पुष्पगुच्छा प्रदान गरेर सम्मान गरे ।

# राष्ट्रिय जनगणनाको प्रक्रियागत संस्मरण पुस्तक सार्वजनिक

काठमाण्डु । राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना २०७८ को प्रक्रियागत संस्मरण पुस्तक सार्वजनिक गरेको छ।

जनगणनाको पूर्वतयारीदेखि सम्पन्न हुँदासम्मको सम्पूर्ण प्रक्रियाको अभिलेखीकरण, कामको विस्तृतीकरण, जनशक्ति आकलन, जनगणनाको लागत र व्यवस्थापन, सार्वजनिक खरिद, जोखिम व्यवस्थापन, जनसहभागितालगायतका विषयहरु समेटेर पुस्तक तयार पारिएको कार्यालयले जनाएको छ।

जनगणना सञ्चालन गर्दा प्रारम्भदेखि अन्त्यसम्म हासिल गरिएका अनुभव र सिकाइले भावी जनगणनाका लागि ऐतिहासिक आधार र नीति निर्माता एवं निर्णयकर्ताका लागि पथ प्रदर्शन हुने भएकाले यो ऐतिहासिक दस्ताबेजका रुपमा रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेलले बताउनुभयो।

"जनगणनाका क्रममा असल अभ्यास पछ्याउने र कमी कमजोरी हटाउँदै जानका लागि यो महत्वपूर्ण दस्तावेज हो । हाम्रो



संस्थागत संस्मरण (इन्सिच्युसनल मेमोरी) कमजोर भएको अवस्थामा भावी दिनमा काम गर्न सहयोग हुने अपेक्षा छ", पोखरेलले भन्नुभयो, "मुलुकको समग्र विकास र सेवा प्रवाहका लागी जनसाति्यक तथ्याङ्कले ठूलो योगदान गर्छ। नीति निर्माताका लागि तथ्याङ्क सबैभन्दा पहिलो र महत्वपूर्ण आधार हो।"

नेपालको जनगणनासम्बन्धी संस्थागत सिकाइ र अध्ययन अनुसन्धानका लागि पनि यो पुस्तक उत्कृष्ट दस्तावेज रहेको उहाँको भनाइ छ।

जनगणनाका लागि प्रश्नावली निर्माण, तालिम सञ्चालन, स्थलगत तथ्याङ्क सङ्कलन, समय र लागतआदिको प्रभावकारिता मूल्याङ्कन गर्न र भविष्यमा सञ्चालन गरिने जनगणनाका लागि आधार दस्तावेजको रूपमा रहने अपेक्षा कार्यालयले गरेको छ। त्यस्तै, जनगणनाको पैरवी र प्रचारप्रसारसम्बन्धी रणनीति, समन्वय संयन्त्र, विकास साझेदारहरूको संलग्नता, नतिजाको सार्वजनीकरणलगायत बारे यस पुस्तकले जानकारी दिनेछ।

पुस्तक सार्वजनिक कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सचिव सुमनराज अर्यालले नेपालको जनगणना २०७८ ले केही महत्वपूर्ण मानक स्थापित गरेको बताउनुभयो । "प्रविधिको प्रयोग र जनगणनाका लागि तयार पारिएको सामुदायिक प्रश्नावलीले तथ्याङ्क सङ्कलनमा फरक मानक बनाएको छ । यो ठूलो फड्को (डिपार्चर) हो", उहाँले भन्नुभयो। जनगणनाबाट सङ्कलित तथ्याङ्क शासकीय प्रबन्धको महत्वपूर्ण औजार रहेको उहाँको भनाइ छ।

जनगणना गर्दा राज्यलाई पार्ने आर्थिक भार र संवैधानिक मर्यादा तथा जिम्मेवारीबारे छुट्टै अध्ययन हुनुपर्ने आवश्यकता सचिव अर्यालले औँल्याउनुभयो।

तथ्याङ्क सङ्कलन गर्दा विभिन्न प्रशासनीक निकायका अभिलेखलाई पनि हेर्नुपर्ने र त्यस्ता अभिलेखबाट तथ्याङ्क विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। राष्ट्रिय जनगणना गर्नका लागि देशभित्रै जनशक्ति तथा क्षमता विकास भएको र अब बाह्य परामर्शदाताको सहयोग लिनुपर्ने अवस्थाको अन्त्य भएको अर्यालले बताउनुभयो ।रासस

# सहकारीसम्बन्धी संसदीय छानबिन समितिको अध्ययन जारी

काठमाण्डु । सहकारी संस्थाको बचत अपचलन सम्बन्धमा अध्ययन गर्न गठित संसदीय छानबिन विशेष समितिले कार्यदिशअनुसार अध्ययन गरिरहेको जनाएको छ।

समितिले सरोकार भएका निकायसँग कागजात झिकाउने, ती निकायका अधिकारीको भनाइ सुन्ने र छलफल गरी अध्ययन गरिरहेको समितिका सचिव बबिता मिश्रले जानकारी दिनुभयो । यही असार २३ गते समिति गठन भएको एक महिना पूरा हुँदैछ। एक महिनामा भएका उपलब्धि सार्वजनिक गर्ने तयारी समेत गरिएको मिश्रले जानकारी दिनुभयो । उहाँका अनुसार समितिको आजको बैठकमा महालेखापरीक्षक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक, सहकारी विभागका रजिष्ट्रारलगायत सम्बन्धित निकायका कर्मचारीसँग छलफल भएको छ।

शुक्रबार गृहसचिव, प्रहरी महानिरीक्षकलगायत उच्च प्रहरी अधिकारीसँग छलफल गरिने समिति सचिव मिश्रले बताउनुभयो । नेपाली कांग्रेसको लामो विरोधपछि प्रतिनिधिसभाबाट छानबिन समिति गठन भएको थियो।

समितिलाई समस्यामा परेका बचतकर्ताको रकमबारे अध्ययन गरी सिफारिस गर्ने, बचत फिर्ताको अवस्था कहाँ पुगेको छ, सोको अध्ययन गर्ने, रकम हिनामिना भएको भनिएका सहकारीबाट गोरखा मिडिया नेटवर्कमा रकम पठाउँदा कानुन बमोजिम प्रक्रिया पूरा गरी भए/नभएकोलगायतका विषयमा अध्ययन गर्ने जिम्मेवारी दिइएको छ ।रासस

# चितवनका एक लाख २८ हजार जना विपद्को जोखिममा

चितवन । जिल्लामा विपद्बाट २५ हजार पाँच सय ८८ परिवार प्रभावित हुने अनुमान गरिएको छ। यस वर्ष मनसुनजन्य विपद्बाट एक लाख २८ हजार पाँच सय ६५ जना प्रभावित हुने जिल्ला विपद् व्यवस्थापन समितिले अनुमान गरेको छ।

समितिले तयार पारेको मनसुन पूर्वतयारी प्रतिकार्य योजना, २०८१ अनुसार जिल्लाका सात पालिकामा विभिन्न नदी र खोलाबाट हुने डुबान र कटानको अनुमानित विवरण लिइएको सहायक प्रमुख जिल्ला अधिकारी खिमानन्द भुसालले जानकारी दिनुभयो।

भुसालको संयोजकत्वमा गठित प्रतिकार्य योजना तयारी समितिले विपद् व्यवस्थापन समितिमा प्रस्तुत गरेको तथ्याङ्कानुसार जिल्लामा सबैभन्दा बढी राप्ती नगरपालिकामा कटान तथा डुबानबाट नौ हजार आठ सय ६० परिवारका ५० हजार नौ सय ५० जना प्रभावित हुने देखिएको छ। भरतपुर महानगरपालिकामा छ हजार छ सय २५ परिवारका ३३ हजार एक सय ७५, माडी नगरपालिकाका चार हजार एक सय ६१ परिवारका १९ हजार सात सय ३०, रत्ननगर नगरपालिकाका दुई हजार तीन सय ८१ परिवारका ११ हजार नौ सय पाँचजना प्रभावित हुने अनुमान गरिएको सहायक प्रजिअ भुसालले बताउनुभयो।

इच्छाकामना गाउँपालिकामा मनसुनका कारण एक हजार दुई सय ५६ परिवारका छ हजार दुई सय ८०, कालिका नगरपालिकामा एक हजार पाँच परिवारका पाँच हजार २५ र खैरहनी नगरपालिकाका तीन सय परिवारका एक हजार पाँच सयजना प्रभावित हुने योजनामा जनाइएको छ। बाढीका कारण सबैभन्दा बढी भरतपुर महानगरपालिका प्रभावित हुने भुसालले जानकारी दिनुभयो। उहाँका अनुसार बाढीबाट भरतपुर-१६, १७, १८, २७, २८ र २९ तथा माडी-१, २, ३, ६ र ७ प्रभावित हुने देखिएको छ।

पहिरोका कारण भरतपुर महानगरपालिका र इच्छाकामना गाउँपालिका, डुबानबाट माडी र राप्ती नगरपालिका, खडेरीबाट भरतपुर महानगरपालिका, राप्ती र माडी नगरपालिका, महामारीबाट भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, माडी नगरपालिका एवं सुकुम्बासी बस्ती रहेको क्षेत्र, सहरी क्षेत्र र पहाडी क्षेत्र अतिप्रभावित हुने कार्ययोजनामा उल्लेख गरिएको छ।

जिल्लामा रहेका ठूला नदी नारायणी, राप्ती, रिउसहितका अन्य खोलाबाट ती क्षेत्र प्रभावित हुने अनुमान गरिएको भुसालले जानकारी दिनुभयो ।रासस

> जिल्लामा रहेका ठूला नदी नारायणी, राप्ती, रिउसहितका अन्य खोलाबाट ती क्षेत्र प्रभावित हुने अनुमान गरिएको भुसालले जानकारी दिनुभयो ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : धन वृद्धि सञ्चय। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कूम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ईयूको सहयोगमा क्रिएसनको एक करोड २० लाख अनुदान

काठमाण्डु । युरोपियन युनियन (ईयु) को सहयोगमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रीनसिफ्ट परियोजनाअन्तर्गत प्लास्टिकजन्य फोहरमैला उद्यम व्यवस्थापनका लागि रु एक करोड २० लाख बराबरको अनुदान रकम दिइने भएको छ।

युरोपिएन युनियन (ईयु) को सहयोगमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रीनसिफ्ट परियोजनाअन्तर्गत तीन प्रदेशका छ निजीस्तरमा प्लास्टिकजन्य फोहरमैला उद्यमलाई सो अनुदान प्रदान गरिने परियोजनाका प्रमुख युनिस घिमिरले जानकारी दिनुभयो।

वाग्मती प्रदेशबाट तीन, मधेस प्रदेशबाट दुई र लुम्बिनी प्रदेशबाट एक गरी जम्मा छ प्लास्टिकजन्य फोहरमैला उद्यम सञ्चालन गरिरहेका निजी संस्थालाई मूल्याकङ्नका आधारमा उक्त अनुदान प्रदान गरिने उहाँले बताउनुभयो। छनोट भएका उद्यम प्रतिउद्योग रु २० लाखका दरले अनुदान रकम प्रदान गरिनेछ। "प्लास्टिकजन्य फोहरमैला सङ्कलन तथा व्यवस्थापन क्षेत्रमा काम गरिरहेका संस्थालाई सशक्त बनाउने उद्देश्यले यो अनुदान प्रदान गर्न लागिएको हो। प्राप्त अनुदान रकमबाट संस्थाले आफ्नो क्षमता अभिवृद्धिसँगै भौतिक पूर्वाधार तथा मिसिनरी उपकरण खरिद गर्न सक्नेछन्"। उहाँले भन्नुभयो।



क्रिएसन नेपालका संस्थापक अध्यक्ष आनन्द मिश्रले यस अनुदानले प्लास्टिकजन्य फोहरमैला क्षेत्रमा काम गर्ने निजी उद्यमीहरुलाई संस्थागत र प्राविधिक क्षमता अभिवृद्धि गर्न ठूलो सहयोग हुने विश्वास व्यक्त गर्नुभयो। नवप्रवर्तनका लागि सम्भवतः निजीस्तरमा पहिलो पटक यति धेरै राशीको अनुदान रकम प्रदान गर्न लागिएको उहाले बताउनुभयो।

निजी संस्थाहरुले अनुदानका लागि परियोजनाद्वारा जारी गरिएको अनुदान निर्देशिकाको पूर्णपालना गरी प्राप्त ढाँचाको आधारमा आ-आफ्नो संस्थाको विवरण अनुदान प्राप्त गरेको खण्डमा सञ्चालन गरिने विभिन्न क्रियाकलापको विस्तृत जानकारी निवेदन फारम भर्नुपर्ने उहाँले बताउनुभयो।

अनुदान निर्देशिकाअनुसार प्रारम्भमा प्राप्त भएका निवेदन फारमलाई मूल्याङ्कन गरी पहिलो चरणमा १० उत्कृष्ट फारमलाई छनोट गरी उनीहरुलाई अभिमुखीकरण तथा क्षमता अभिवृद्धिसम्बन्धी तालिम प्रदान गरिनेछ। त्यसपछि छनोट भएका १० उत्कृष्ट उद्यमीहरुले पूर्ण प्रस्तावना पेस गर्नुपर्ने हुन्छ, उक्त प्रस्तावनालाई मूल्याङ्कन टीमले गहिरो अध्ययन पश्चात त्यसमध्ये छ टिमलाई अनुदानका लागि अन्तिम छनोट गर्नेछ।

अनुदानका लागि अन्तिम छनोटमा परेका संस्थाले किस्ताबन्दीमा उक्त अनुदान रकम प्राप्त गर्नेछ। अनुदान प्राप्त गर्ने उद्यमीले परियोजना कार्यान्वयन गर्दै जाँदा प्रगति विवरण खर्च विवरणको पारदर्शी रुपमा समय समयमा नियमित रिर्पोटिङ गर्नुपर्नेछ। क्रिएसन नेपालले ग्रीनसिफ्ट परियोजना चार वर्षका लागि तीन प्रदेशका नौ स्थानीय तहमा विभिन्न क्रियाकलप सञ्चालन गरिरहेको छ। क्रिएसनको नेतृत्वमा रेस्टलेस डेभलम्पमेन्ट र युथ इनोभेसन ल्याव परियोजनाको कन्सोर्टियम पार्टनरका रुपमा रहेका छन्।रासस

# नेपाल वायुसेवा निगमको सुधार प्रयास जारी

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)को व्यवस्थापकीय, संस्थागत र कानुनी सुधारका लागि पहल भइरहेको बताउनुभएको छ।




राष्ट्रियसभाको विहिबारको बैठकमा विनियोजन विधेयक २०८१ माथि उठेका प्रश्नहरुको जवाफ दिँदै उहाँले निगमको सञ्चालन र व्यस्थापनमा सुधार गर्न गठित समितिको प्रतिवेदनअनुसार उपयुक्त ढाँचामा सञ्चालनका लागि विभिन्न विकल्पबारे छलफल भइरहेको जानकारी दिनुभयो। मन्त्री तमाङले निगमको व्यवस्थापन सुधारका लागि मन्त्रालयले पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा गठन गरेको समितिको प्रतिवेदन अनुरुप काम गर्न लागिरहेको बताउनुभयो।

पर्यटनमन्त्री तामाङले क्षेत्रीय सन्तुलनलाई ध्यानमा दिएर मन्त्रालयले कार्यक्रमको माग, औचित्य र आवश्यकताका आधारमा बजेट तर्जुमा गरिएको बताउनुभयो। उहाँले संवैधानिक व्यवस्था अनुरुप समावेशी रुपमा सबै भाषा र संस्कृतिको विकास गर्नु आवश्यक रहेको बताउनुभयो। संस्कृत भाषाको संरक्षण र प्रवर्द्धन गर्ने विषयमा मन्त्रालयले आवश्यक नीतिगत व्यवस्था गरेको भन्दै मन्त्री तामाङले नेपालका सबै भाषा, संस्कृति र कलाको संरक्षण र प्रवर्चनतर्फ मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

उहाँले पशुपतिनाथ मन्दिरको भेटी व्यवस्थापनका लागि निर्देशिका जारी गरिएको तथा पशुतिनाथको मूर्ति सार्वजनिक गर्न मिल्ने नमिल्ने विषयमा मन्दिरको परम्परालाई समेत आधार मानेर आवश्यक निर्णय गरिने बताउनुभयो।धार्मिक पर्यटनको हिसाबले अत्यन्त महत्वपूर्ण लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ र रामजानकी मन्दिरको संरक्षण र प्रवर्द्धनका लागि मन्त्रालयले बजेट व्यवस्थापन गरेको तथा रामजानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गर्ने लगायतका कार्यक्रम यस वर्षको बजेटबाट अघि सारिएको उल्लेख गर्नुभयो।

**भारत र चीनमा पर्यटन प्रवर्द्धन**

पर्यटनमन्त्री तामाङले भारत र चीनका पर्यटकलाई लक्षित गरी नेपाल पर्यटन बोर्डबाट 'रोड शो'लगायतका प्रचार-प्रसारका कार्यक्रम सञ्चालनमा ल्याइने बताउनुभयो। उहाँले पर्यटन रणनीतिक योजना (सन् २०१६-२५) र नेपाल भ्रमण दशक अनुरुप १६ लाख पर्यटन भित्र्याउने लक्ष्यलाई सफल बनाउन सबै लाग्नुपर्नेमा जोड दिनुभयो। लुम्बिनी विकास कोषलाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा विकास गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो।आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा बुद्ध सर्किट मात्र नभई किराँत, शिव र रामायण सर्किटको विषयमा समेत समावेश गरिएको उहाँको भनाइ थियो। अध्ययन प्रतिवेदनका आधारमा आगामी दिनमा पर्याप्त बजेट विनियोजन गर्न मन्त्रालय प्रतिवद्ध रहेको उहाँले बताउनुभयो।

कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न युनेस्कोमा पेस भइसकेको, यस क्षेत्रको अन्य सम्पदाको उत्खनन, विकास र उन्नयनमा पुरातत्व विभागमार्फत विभिन्न कामहरु भइरहेको उहाँले जानकारी दिनुभयो।मन्त्री तामाङले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि मन्त्रालयले यसको सञ्चालनसम्बन्धी अध्ययन समिति गठन गरिएको र उक्त समितिको अध्ययन प्रतिवेदनको आधारमा ठोस कार्ययोजना बनाई सञ्चालनको उचित प्रबन्ध मिलाइने बताउनुभयो।

मन्त्री तामाङका अनुसार हिमाल आरोहणलाई व्यवस्थित र नियमन गर्ने सम्बन्धी नयाँ नियमावली तर्जुमाका लागि मन्त्रिपरिषद्मा पेस गरिएको छ। नेपालको हवाई सेवालाई सुरक्षित, भरपर्दो, विश्वसनीय, सुलभ र पहुँचयोग्य बनाउने हवाई नीति, २०६३ को समसामयिक संशोधन अन्तिम चरण पुगेको छ। सातवटै प्रदेशको प्रमुख सहरमा हवाई सेवा विस्तारलाई ध्यान दिइनुका साथै गोरखा दरबारको परम्परा र संस्कृति संरक्षणको विषयमा मन्त्रालय प्रतिबद्धताका साथ लागेको उहाँको भनाइ छ।रासस

# ट्राफिक प्रहरीको इतिहास र विकास तस्बिरमा सार्वजनिक

काठमाण्डु । नेपाल प्रहरीको विशिष्टकृत एकाइका रूपमा रहेको ट्राफिक प्रहरीको सात दशक लामो इतिहास र विकासक्रमलाई तस्बिरमार्फत सार्वजनिक गरिएको छ।



काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयद्वारा विहिबार आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले 'ट्राफिक पुलिस मिरर' सार्वजनिक गर्नुभयो। उक्त पुस्तकमा नेपालमा सडक यातायात तथा ट्राफिक प्रहरीसँग सम्बन्धित ऐतिहासिक गतिविधिको सङ्ग्रह गरिएको छ। पुस्तकमा ट्राफिक प्रहरीको इतिहास, विकासक्रम, पोशाक परिवर्तन, घोडचढी प्रहरी, सडक सुरक्षा कार्यक्रमसँग हालसम्म गरिएका विविध गतिविधिलाई तस्बिरमा प्रस्तुत गरिएको छ। नेपालमा पहिलो पटक सवारीसाधन भित्रिएपछि विसं २००७ मा रामदलमार्फत ट्राफिक व्यवस्थापन गरिएको इतिहास छ। औपचारिक रूपमा २००९ सालमा 'ट्राफिक पुलिस डिटचम्यान्ट'को नामबाट ट्राफिक प्रहरीको प्रारम्भ भएको थियो। पुस्तकले ट्राफिक प्रहरीको विकासक्रम, त्यसपछिका महत्त्वपूर्ण अभियान एवं गतिविधिलाई तथ्यपरक बनाउने, सडक व्यवस्थापनका मुख्य सरोकारवाला निकायको भूमिका, समन्वय र सहकार्यलाई थप सहयोग गर्ने विश्वास व्यक्त गरिएको छ।

उक्त पुस्तक ट्राफिक प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठको नेतृत्वमा प्रहरी नायब उपरीक्षकहरु चन्द्रबहादुर थापा, रविन कार्की र सुनिलजङ्ग शाह तथा प्रहरी निरीक्षक जितेश दाहाल र शेखरजङ्ग मल्लले सम्पादन गर्नुभएको हो। ट्राफिक प्रहरीको संस्थागत अभिलेख प्रभावकारी नहुँदा महत्त्वपूर्ण इतिहास लोप हुने क्रममा रहेकाले सो पुस्तक प्रकाशन गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। प्रहरी महानिरीक्षक कुँवरले नवीनतम् सोचबाट लक्ष्यित क्रियाकलापले मात्रै व्यावसायिकता अभिवृद्धि गर्नुका साथै समग्र सुरक्षा व्यवस्थापनमा प्रभावकारिता आउने विश्वास व्यक्त गर्दै ट्राफिक प्रहरीका कामकारबाहीलाई अझ जनमुखी बनाउन अनुशिक्षण, अनुगमन, सुपरीवेक्षण र परिमार्जन गरी सुधार ल्याउन निर्देशन दिनुभयो।


"कतिपय सदस्यको आचरण, व्यवहार र गैरव्यावसायिक क्रियाकलापका कारण सबै सार्थक प्रयास ओझेलमा परेका छन्। जोखिम र चुनौतीपूर्ण कामकारबाहीका बाबजुद समग्र सङ्गठन जनगुनासोका घेरामा उभिनु परेको छ", महानिरीक्षक कुँवरले भन्नुभयो। उहाँले उपलब्ध स्रोत र साधनको अधिकतम् प्रयोगद्वारा सडक व्यवस्थापन तथा यात्रुको सुरक्षामा ट्राफिक प्रहरीले पुर्याएको सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुभयो। प्रहरी महानिरीक्षक कुँवरले ट्राफिक प्रहरीको इतिहास र विकासक्रमका साथसाथै सडक सुरक्षा एवं ट्राफिक व्यवस्थापनमा गरिएका प्रयासलाई समेटेर तयार पुस्तक प्रकाशन गर्नु प्रशंसनीय रहेको बताउनुभयो। उहाँले ट्राफिक प्रहरीको इतिहास,स्थापनाकालदेखिहालसम्म आएको परिवर्तन, सञ्चालित गतिविधि तथा ट्राफिक क्रियाकलापलाई समेटी तयार भएको यो प्रकाशन अनुसरणात्मक सामग्रीका रूपमा रहने विश्वास व्यक्त गर्नुभयो। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले ट्राफिक प्रहरीको इतिहास, वर्तमान र आगामी परिवेश बुझ्न, अध्ययन गर्न पुस्तक महत्त्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा रहने विश्वास व्यक्त गर्नुभयो।

बढ्दो सहरीकरण र जनघनत्वका अनुपातमा वृद्धि भएका सवारी साधनको सङ्ख्या, सीमित सडक र पूर्वाधारका अभावका बीच ट्राफिक व्यवस्थापनमार्फत नागरिकको जीउधनको सुरक्षा गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएका छन्। आर्थिक वर्ष २०७९/८० सम्ममा काठमाडौँ उपत्यकामा १८ लाखभन्दा बढी सवारी साधन दर्ता भएका र तीमध्ये दैनिक करिब १४ लाख सवारी साधन उपत्यकाकामा सडकमा गुड्ने आकलन गरिएको छ।काठमाडौँमा एक हजार एक सय १३ ट्राफिक दरबन्दी रहेकामा सोभन्दा ६७ प्रतिशत बढी अर्थात् एक हजार आठ सय ६६ जनशक्ति ट्राफिक व्यवस्थापनमा परिचालन भएका छन्।

ट्राफिक प्रहरीले सडक केन्द्रित सुधारका कार्य, जनचेतना अभिवृद्धि र दुर्घटना न्यूनीकरणमा विशेष योजना अघि बढाउँदै आएको छ। उपत्यकामा बर्सेनि सानाठूला करिब १० हजार सडक दुर्घटना हुने गरेका तथ्याङ्क छ। ती दुर्घटनामा करिब दुई सयको मृत्यु तथा आठ हजारभन्दा बढी घाइते हुने गरेका छन्। मादक पदार्थ सेवन (मापसे) तथा लागुऔषध सेवन (लापसे) गरेर तीव्रगतिमा सवारी चलाउन निरुत्साहन गर्दै दुर्घटना घटाउन ट्राफिक प्रहरीले मापसे र लापसे जाँचलाई तीव्र पारेको छ।रासस

# राष्ट्रिय योग तथा प्राकृतिक चिकित्सा दिवस

काठमाण्डु । सरोकारवालाले सरकारी अस्पतालबाटै योग तथा प्राकृतिक चिकित्सा सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभएको छ। असार २० अर्थात् विहिबार राष्ट्रिय प्राकृतिक चिकित्सा दिवसका अवसरमा यहाँ आयोजित कार्यक्रममा सरकारी स्वास्थ्य संस्थामा योग तथा प्राकृतिक चिकित्सा सेवा अहिलेसम्म उपलब्ध नभएकाप्रति सरकारको ध्यानाकर्षण गराइएको हो।




सरकारले विसं २०५९ असार २० गते प्राकृतिक चिकित्सालाई स्वास्थ्य सेवाको विधाअन्तर्गत राखी मान्यता प्रदान गरेको थियो। सोही दिनको सम्झनामा २०७४ साल असोज २३ गतेको निर्णयअनुसार असार २० गते राष्ट्रिय प्राकृतिक चिकित्सा दिवस मनाउन लागिएको हो। तर स्वास्थ्य सेवाका विधाअन्तर्गत मान्यता पाएको २२ वर्ष पुग्दा पनि सरकारी अस्पताल र स्वास्थ्य संस्थामा प्राकृतिक चिकित्सा सेवा उपलब्ध हुन सकेको छैन।

प्राकृतिक चिकित्सा अभियन्ता डा हरिप्रसाद पोखरेलले प्राकृतिक चिकित्साको प्रयोगबाट रैथाने कला संस्कृति र विधि विज्ञानलाई पुनरुत्थान गरिनुपर्नेमा जोड दिनुभयो। उहाँले तत्काल दरबन्दी नभए पनि करार सेवाबाट जनशक्ति नियुक्ति गरेर सेवा दिनुपर्नेतर्फ उल्लेख गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।"स्थायी पदपूर्ति नहुञ्जलेसम्म आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको स्वीकृत दरबन्दीमा नबढ्ने गरी हरेक चिकित्सा विधाका जनशक्तिलाई करार सेवामा नियुक्त गर्नुपर्छ", उहाँले भन्नुभयो।

प्राकृतिक चिकित्सामा एमडी गरेका १० जना र बिएनवाइएस ७३ जना चिकित्सक छन्। तर दरबन्दी नहुँदा अधिकांश चिकित्सक विदेश पलायन भइरहेकोतर्फ योग तथा प्राकृतिक चिकित्सक डा प्रतीक्षा पाण्डेयले बताउनुभयो। उहाँले बिरामी भएपछि मात्र होइन बिरामी हुन नदिने जीवनपद्धति अपनाउन सिकाउने चिकित्सा पद्धतिमार्फत स्वास्थ्य पर्यटन विकास गर्न सकिने सुझावसमेत प्रस्तुत गर्नुभयो।योग तथा प्राकृतिक चिकित्साका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई नेपाल आयुर्वेद चिकित्सा परिषद्अन्तर्गत उपसमिति बनाइ दर्ता गरिँदै आएकोप्रति उहाँहरुले असन्तुष्टि जनाउनुभयो।

प्राकृतिक चिकित्साकाअनुसार प्रकृति र मानव अन्तरसम्बन्धद्वारा स्वास्थ्य रक्षा र रोगीको उपचार गर्ने कला, संस्कृति एवं विधिविज्ञान नै प्राकृतिक चिकित्सा हो। दिवसका अवसरमा प्रतिनिधिसभाअन्तर्गतको संसदीय समिति शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिसमिति सभापति अम्मरबहादुर थापाले प्राकृतिक चिकित्साका क्षेत्रमा थप अनुसन्धानका लागि प्रोत्साहन गर्नुभयो।मन्त्रालयका अतिरिक्त सचिव डा टङ्क बराकोटीले नसर्ने रोगको जोखिमलाई यस चिकित्सा पद्धतिबाट न्यूनीकरण गर्न सकिने बताउनुभयो। त्यसका लागि मन्त्रालयले आवश्यक पहलकदमी लिन तयार रहेको उहाँको भनाइ थियो।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन
२×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं।
विशेष यात्रा सेवा। शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्ग्रा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस। बद्रीनाथ र केदारनाथ समेत।

टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे।


प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)

# सरकार र आन्दोलनरत क्रसर उद्योगीबीच सहमति

काठमाण्डु । सरकार र नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घबीच सहमति भएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा विहिबार भएको छलफलपछि आन्दोलनरत पक्षसँग तीनबुँदे सहमति भएको हो।सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घका अध्यक्ष तथा प्रतिनिधिसमेतको बैठकले नविकरण छुट भएका उद्योग नविकरणका लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरेको छ।

प्राकृतिक स्रोतको बाँडफाँट र उपयोगका साथै निर्माणजन्य सामग्रीको उपयोग र व्यवस्थापनमा देखिएका विद्यमान समस्या सम्बोधन गर्न मन्त्रालयले निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० संसद्मा दर्ता गरिसकेको छ। उक्त विधेयक दफावार छलफलका लागि संसद्को समितिमा रहेको छ। "उक्त विधेयक पारित भएपश्चात् क्रसर उद्योगको नवीकरणसम्बन्धी विद्यमान समस्या सम्बोधन हुने र निर्माणमुखी सामग्री उत्खनन्, व्यवस्थापन, उपयोग र नियमनमासमेत सहजता हुने भएकाले उक्त विधेयक चाँडो पारित गर्न गराउन आआफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने", सहमतिपत्रमा उल्लेख छ।

विसं २०७९ माघ ११ गतेको मन्त्रिपरिषद्को निर्णय र सम्मानित सर्वोच्च अदालतको आदेशको उच्च सम्मान गर्दै मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने र नेपाल क्रसर तथा खानी उद्योग व्यवसायीले क्रसर तथा खानी उद्योगको नवीकरणको विषय लिइ गरेको विरोध प्रदर्शन स्थगित गर्ने बैठकले निर्णय गरेको हो।

सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीको उपस्थितिमा प्रतिनिधिसभा राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, प्रतिनिधिसभा उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ताहित संरक्षण समितिका सभापति अब्दुल खानससहितको बैठकले संसद्मा दर्ता भएको निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० चाँडो पारित गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने निर्णय गरेको छ।रासस


# 'भौगोलिक विकटताको आधारमा बजेट विनियोजन हुनु न्यायोचित'

काठमाण्डु । सहरी विकासमन्त्री धनबहादुर बुढाले भौगोलिक विकटताको आधारमा बजेट विनियोजन हुनु न्यायोचित रहेको बताउनुभएको छ।

राष्ट्रियसभाको विहिबारको बैठकमा बोल्दै मन्त्री बुढाले दुर्गम क्षेत्रलाई अझ बढी प्राथमिकतामा राखेर बजेट विनियोज हुनु आवश्यक रहेको बताउनुभयो। "स्रोतको न्यायोचित वितरण केवल जनसङ्ख्याको आधारमा मात्रै गर्ने परम्पराबाट माथि उठेर भूगोल र भौगोलिक विकटतालाईसमेत मध्यनजर गरी दुर्गम क्षेत्रलाई अझ बढी प्राथमिकतामा राखेर बजेटको व्यवस्था गरिनुपर्दछ," उहाँले भन्नुभयो। करिब ४३ हजार जनसंख्या भएको डोल्पामा सहरी विकास मन्त्रालयको कूल बजेटको करिब १.८३ प्रतिशत मात्रै विनियोजन हुनु स्वभाविक, न्यायोचित र जरुरी रहेको उहाँको भनाइ थियो।

मन्त्री बुढाले बर्सेनि हजारौँ पर्यटक भित्र्याउन सफल डोल्पाका बासिन्दाले नून र चामलको समेत अभाव झेल्दैआएका उल्लेख गर्नुभयो। "डोल्पाको भौगोलिक अवस्था र त्यहाँको आवश्यकता अनुसार विनियोजित बजेट अझै प्रर्याप्त छैन," उहाँले भन्नुभयो। सङ्घीय गणतन्त्रात्मक व्यवस्थाको मर्म र भावनाअनुरुप डोल्पाली जनताका माग केही हदसम्म वर्तमान सरकारले सम्बोधन गरेको उहाँको भनाइ थियो।

"विकट डोल्पामा पर्याप्त मात्रामा बजेट विनियोजन गरेर द्रुतगतिमा विकास गर्न आवश्यक छ," उहाँले भन्नुभयो। विगतमा पहुँचका भरमा केही निश्चित क्षेत्र र भूगोलका लागि मात्रै बजेट छुट्ट्याउने गरेकामा सहरी विकास मन्त्रालयले यस वर्ष बिना स्वार्थ निष्पक्षरुपमा बजेट न्यून पाएका जिल्ला तथा क्षेत्रमा न्यायोचित ढङ्गले आवश्यकता र औचित्यतताका आधारमा मात्रै बजेट विनियोजन गरेको मन्त्री बुढाले बताउनुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# संसदमा चाँडो जवाफ दिनु

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सरकार अल्पमतमा परिसकेको छ । सबैभन्दा ठूला सहयोगी नेकपा एमालेले समर्थन फिर्ता लिएसँगै सरकार अल्पमतमा परेको छ । सरकारबाट समर्थन फिर्ता लिनु अगावै एमाले र नेपाली कांग्रेसले पार्टीमा निर्णय नै गरी प्रधानमन्त्री प्रचण्डलाई राजीनामा दिएर राष्ट्रिय सरकारका लागि मार्ग प्रशस्त गर्न आग्रह गरेका थिए । तर उनले राजीनामा दिन मानेनन् । प्रधानमन्त्री अल्पमतमा परेपछि ३० दिन भित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । त्यो अधिकारलाई प्रधानमन्त्री प्रचण्डले प्रयोग गर्न निर्बाध रुपमा पाउँछन् । तर अल्पमतमा परेको सरकार ३० दिन रहेपनि काम गर्ने केहि होइन । सरकारलाइ कुनै कर्मचारीले टेर्ने छैनन् । यो नौलो विषय पनि होइन । सरकार ढल्ने चर्चा चलेदेखि नै कर्मचारीहरु सतर्क भएका हुन्छन् । उनीहरुले जान सक्ने सम्भावना देख्ने बित्तिकै सरकारको साथ छाड्छन् । प्रचण्ड साउन महिनाको १७ गतेसम्म प्रधानमन्त्री रहन पाउने छन् । त्यसपछि उनी स्वतःपदमुक्त हुनेछन् । त्यो भन्दा राम्रो चालु संसदमा उनले आफ्ना धारणाहरु राख्दै राजीनामा दिनु  उपयुक्त हुनेछ । पटक पटक प्रधानमन्त्री भएका प्रचण्डले पदीय उचाईलाई दृष्टिगत गरी राजीनामा दिनु श्रेयस्कर हुनेछ । प्रचण्ड अझै पनि केही महिना सम्मानजनक ढंगले सरकार चलाउन पाउँथे । तर उनलाई प्रतिनिधि सभामा रहेको ३२ सांसदको संख्या जादुयी लाग्न थाल्यो । उनको बिना सरकार गठन हुन नसक्ने विश्वासमा परेर अपमानपूर्ण ढंगले पदच्यूत हुन लागेका छन् । कांग्रेससितको गठबन्धनबाट आम निर्वाचनमा भाग लिएका प्रचण्ड चुनावपछि गठबन्धन भत्काउँदै एमालेको समर्थनमा प्रधानमन्त्री भए । तर एमालेसँग पनि १ वर्ष पनि सत्तासाझेदारीलाई कायम राख्न सकेनन् । एमालेलाई छाडेर फेरी कांग्रेससित गठजोड गरे । प्रधानमनीमा उनी निरन्तर रहे । तर त्यो गठबन्धन पनि धेरै टिक्न सकेन् । प्रचण्डले कांग्रेसलाई छाडेर फेरि एमालेको समर्थन प्राप्त गर्दै प्रधानमन्त्री पदलाई कायम राख्न सफल भए । कहिले एमाले र कहिले कांग्रेसलाई धोका दिएका प्रधानमन्त्री निरन्तर रहेका प्रचण्डलाई एमाले र कांग्रेस मिल्न सक्ने अनुमान नै थिएन । प्रचण्डले दुवै दललाई आलोपालो गरी खेलाउँदै प्रधानमन्त्रीमा निरन्तर रहने प्रयासमा थिए । त्यो उनले सार्वजनिक रुपमा अभिव्यक्तिपनि दिन थालेका थिए । सबैलाई ठग्दा यस पटक आफै नराम्ररी ठगाएको महसुस प्रचण्डले गरेको हुनुपर्छ । उनले आफूलाई उथलपुथल गर्ने माहिर नेताको रुपमा प्रस्तुत गर्न थालेका थिए । त्यो अहंकार पनि उनलाई पद  गुमाउने कारण बन्यो । अब अल्पमतमा परिसकेकाले पदासीन रहनु भन्दा संसदमा चाँडो सम्बोधन गरी राजीनामा दिनु उपयुक्त हुनेछ ।

# गुणराजः मुवा थाईको विश्वविजेताको कथा

**कुम्भराज राई**

मुक्कामुक्की र लात्ती हानाहान । कुहिना र घुँडाको प्रहार । शरीरका अधिकांश भागमा हिर्काउन पाइने नियम । हेर्दै निर्मम र डरलाग्दो । नाक मुखबाट रगत बगेर अनुहार रक्ताम्य हुनु सामान्य जस्तै । मार्सल आर्टअन्तर्गत पर्ने खेल मुवा थाई विधाको नियम हो यो ।

विसं २०८० चैत ६ गते मङ्गलबारका दिन थाइल्याण्डको बैङ्ककस्थित द बजार रत्चडाफिसेकमा १९औं विश्व मुवा थाई प्रतियोगिताको फाइनल चलिरहेको थियो । सेमि-प्रोफेसनल विधाअन्तर्गत ५४ किलो तौल समूह पुरुषतर्फको प्रतिस्पर्धामा हुनुहुन्थ्यो नेपालका गुणराज रुचाल । रिङभित्र रुचालका प्रतिस्पर्धी थिए इटालीका ग्राभियल ओलारियु । तीन राउण्डको नौ मिनेट लामो मुक्कामुक्कीपछि रेफ्रीले गुणराजको बायाँ हात उचाल्दै विजेता घोषित गर्यो ।

त्यो जित गुणराजको एक्लो थिएन । सिङ्गो नेपालको जित थियो । नेपालको राष्ट्रिय झण्डा फहराउँदै गुणराजसहितको सानो नेपाली टोलीले त्यहाँ उत्सव मनाए । मुवा थाई खेलमा देशले प्राप्त गरेको हालसम्मकै ठूलो सफलता थियो त्यो । जब विश्वविजेताको पेटी (बेल्ट) गुणराजको कम्मरमा बाँधियो । गुणराज एकछिन भावुक हुनुभयो । आँखाहरू रसाए । सपना पूरा भएकामा उहाँ रोमाञ्चित हुनुभयो । मन भने वहलिँदै त्यही देवीटार गाउँ पुग्यो ।खेतीपाती गरेर वर्षभरि खान नपुग्ने परिवार । छोराछोरीका लागि बुबाआमाले निरन्तर गरिरहनुभएको सङ्घर्ष । छाती गह्रौं भयो । गला अवरुद्ध भए । आफ्नै मनले भन्यो, “बाबा तिम्रो छोरा पनि विश्वविजेता बन्यो ।”

ताजा खुसीको उन्मादले ओझेलमा परेको अर्को पीडा साथमै थियो । भीडन्तको पहिलो राउन्डमै उहाँको दायाँ हात भाँचिसकेको थियो । तर हात भाँचिएको कुरा न उहाँले कोचलाई सुनाउनुभयो न त रेफ्रीलाई । “मेरो हात भाँचियो भनेर मैले पहिले थाहा पाइसकेको थिएँ । किनभने त्यसरी नै मेरो हात पहिले पनि भाँचिएको थियो”, उहाँले त्यो क्षण सम्झिँदै भन्नुभयो, “तर मैले मेरो हात भाँचिएको सुनाउने बित्तिकै खेल छाडेर हार स्वीकार्नुपर्थ्यो वा मेरो प्रतिद्वन्द्वीले थाहा पाएको भए मेरो हातलाई केन्द्रमा राखेर प्रहार गरेपछि म खेल्नै सक्दिन थिएँ ।”

दश वर्षदेखिको विश्वविजेता बन्ने लक्ष्य पूरा नहुने जब उहाँले सम्झिनुभयो, त्यसपछि ‘गिभ अप’ गर्नुभएन । अनि बक्सिङभन्दा बढी लात्ती, कुहिना र घुँडाको प्रहार गर्दै प्रतिद्वन्द्वीसँग फाइनल राउण्डसम्म भिड्नुभयो । यो त्यही दायाँ हात हो, जो मुवा थाईकै प्रतियोगितामा तेस्रोपटक भाँचिएको थियो ।

### सिस्नेरी टु वर्ल्डच्याम्पियन


ओखलढुङ्गाको सुनकोशी गाउँपालिका-३, सिस्नेरीस्थित देवीटार गाउँ । जहाँ पाँच घर दलित, तीन घर मगर र ६० घर जति क्षेत्री ब्राह्मण समुदायको बस्ती छ । त्यही गाउँका खड्गबहादुर र फूलमायाको तीन भाइ र एक बहिनी छोरीमध्येको जेठो हुनुहुन्छ गुणराज । नुन र चामल बोक्न पाँच घण्टा पैदल हिँडेर घुर्मी बजार पुग्नुपर्ने । “अझ बुबाआमाले दुईदिनको पैदल बाटो कटारी पुगेर नून ल्याउनुहुन्थ्यो रे, बाल उमेरमा यस्तो सुन्दा मलाई कथा सुनेजस्तै लाग्थ्यो”, गुणराजले बाल्यकाल सम्झँदै भन्नुभयो ।

दलित समुदायलाई अझै उच्च जात भनाउँदाले हेर्ने दृष्टिकोण कहाँ बदलिएको छ र ? कहीँ खेतालो, गोठालो, बजार जाँदा नजानिँदो ढङ्गले हेपिएको महसुस गुणराजलाई हुन्थ्यो । तर, आफूलाई हेपेको मात्र नभई अरुलाई हेपेको पनि देख्न नसक्ने उहाँमा विद्रोही स्वभाव थियो । प्रतिवादमा उत्रिनु गुणराजको नानीदेखिको बानी हो ।

स्कुल बाहेकका समय गोरु, बाख्रा चराउन कहिले खोला किनार त कहिले जङ्गलतिर सुसेल्दै हिँडेको त्यो स्वर्णिम बाल्यकाल अझै उहाँको मानसपटलमा झल्झली आउँछन् । छुट्टीको दिन घाँस, दाउरा जानुपर्ने नियमित तालिका छँदैछ ।

सामान्य लेखपढ गर्नुभएका खड्गबहादुर र फूलमायाले दुःखै किन नहोस् छोरालाई सरकारी जागीरे बनाउने सपना देख्नुभयो । छोराले २०६४ मा गाउँकै कालिका माध्यमिक विद्यालयबाट एसएलसी पास गर्ने बित्तिकै १८ महिने ‘कम्युनिटी मेडिसिन असिसटेन्ट’ (सिएमए) पढाउन सदरमुकामस्थित हिमालयन पारामेडिकल शिक्षालय पठाउनुभयो ।

गुणराजले पनि बुवाआमाको सपना पूरा गर्न सिएमए पढ्नुभयो । सिएमए उत्तीर्ण गर्नुभएपछि बाँकी रह्यो अहेबको परीक्षाको तयारी । त्यसका लागि लोकसेवा आयोगले लिने परीक्षा उत्तीर्ण गर्नुपर्ने । तयारीस्वरुप किताब किनेर ल्याउनुभयो । किताब पढ्न थालेको दोस्रो दिन मात्रै भएको थियो । रेडियोमा अचानक गाउँपालिकाको केन्द्र मूलखर्कमा कराँते तालिम सञ्चालन हुने सूचना उहाँको कानमा ठोक्कियो ।



रेडियोमा सूचना पुरा बज्न नपाउँदै गुणराजले बन्द गर्नुभएको अहेबका लागि लोकसेवा तयारीसम्बन्धी पुस्तक त्यसपछि कहिल्यै खुलेन । कराँते सिकेरै छाड्ने छोराको जिद्दी सामू बाउआमाको केही लागेन । गाउँदेखि उकालैउकालो दौडिँदा दुई घण्टामा पुगिन्थ्यो मूलखर्क । छ बजेदेखि सुरु हुने कराते प्रशिक्षणमा सहभागी हुन गुणराज बिहान ४ बजे घरबाट हिँडिसक्नुहुन्थ्यो । पुष-माघको चिसो ठिही र लामो रात । गाउँदेखि माथि रहेको दमार जङ्गल अँध्यारोमै कट्नुपर्थ्यो । तैपनि मनमा कुनै डर थिएन । थियो त एकमात्र कराँतेको गुरु बन्ने लक्ष्य ।

तीन घण्टाको प्रशिक्षण सकेर फर्किँदा १० बज्थ्यो । त्यसपछि फेरी घरको काम गर्नुपर्थ्यो । तर त्यो कराँते प्रशिक्षण विविध कारणले तीन महिनाभन्दा बढी सञ्चालन हुन सकेन । गुणराजको खेलाडी बन्ने सपना अधुरै रह्यो । उहाँ २०६९ असार १५ गते नेपाली सेनामा भर्ती हुनुभयो । बाँकी सपना पूरा गर्ने माध्यम उहाँले नेपाली सेनालाई बनाउने सोच्नुभयो ।

सेनाको तालिममै मार्सल आर्ट्स विधाअन्तर्गतका विभिन्न खेलहरु अनिवार्य सिक्नुपर्थ्यो । तर त्यो आधारभूत किसिमको मात्र हुन्थ्यो । त्यसअन्तर्गत पनि गुणराजले मुवा थाई रोज्नुभयो । मुवा थाईमा उहाँको लगाव यति धेरै देखियो कि नेपाली सेनाले उहाँलाई त्रिभुवन आर्मी क्लबमा आबद्ध गरायो । अनि पूर्णकालीन मुवा थाई खेलाडी बन्नुभयो । अहिले नेपाली सेनाको अमलदार पदमा हुनुहुन्छ रुचाल । निरन्तरको मेहनत र लगावले गर्दा उहाँले विस्तारै मुवा थाईमा सफलता प्राप्त गर्न सुरु गर्नुभयो । उहाँले २०७६ सालमा काठमाडौँमा आयोजित ‘बेल्ट च्याम्पियनसिप’को राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्नुभयो भने २०७७ मा चितवनमा भएको ‘टप फाइभ’ मुवा थाई प्रतिस्पर्धामा स्वर्ण पदक हासिल गर्नुभयो ।

विसं २०७४ माघ २८ मा चितवनमा भएको तेस्रो इन्डो-नेपाल प्रतियोगितामा पनि स्वर्ण पदक हात पार्नुभयो र जितलाई निरन्तरता दिँदै २०७९ सालको चौथो इन्डो-नेपाल प्रतियोगितामा स्वर्ण पदक आफ्नै कब्जामा राख्नुभयो । विसं २०७९ को आठौँ इन्डो-नेपाल मुवाथाई प्रतियोगितामा स्वर्ण जितेर इन्डो-नेपाल प्रतियोगितामै तीनवटा स्वर्ण पदक प्राप्त गर्ने खेलाडी बन्नुभयो ।

मुवा थाईको अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा पनि उहाँको वर्चस्व कायम छ । विसं २०७५ असोजमा नेपालमै आयोजित तेस्रो केब्याक इन्टरनेशनल मुवा थाई प्रतियोगितामा स्वर्ण पदक जित्नुभएका उहाँले २०७६ भदौमा थाइल्याण्डमा सम्पन्न जेएफ बक्सिङ फाइट प्रोमोसनमा इटालीका खेलाडीलाई नकआउट गर्दै विजयी हुनुभएको थियो । विसं २०७९ मा थाइल्याण्डको बैंककमा भएको फेयरटेक्स फाइटमा म्यानमारका खेलाडीलाई पराजित गर्दै रुचाल विजयी हुनुभयो ।

यसैबीचमा रुचालको विश्व च्याम्पियनसिप यात्रा सुरु भइसकेको थियो । विसं २०७९ मा थाइल्यान्डको पतायामा आयोजित १७ औँ अम्याचुअर एण्ड प्रो-एम वर्ल्ड मुवा थाई च्याम्पियनसिप २०२२ मा कास्य पदक प्राप्त गर्नुभयो । त्यो मङ्सिरको कुरा हो । त्यही सालको चैतमा थाइल्याण्डमै सम्पन्न१८औँ अम्याचुअर एण्ड प्रो-एम वर्ल्ड मुवा थाई च्याम्पियनसिप २०२३ मा पुनः दोस्रो पटक कास्य पदकमा चित्त बुझाउनुपर्‍यो । दुईपटक कास्य पदक प्राप्त गरेपछि पनि विजेता बन्ने अठोटबाट गुणराज पछि हट्नुभएन ।

त्यसपछिको तयारी यति मेहनतका साथ गर्नुभयो कि त्यो लक्ष्य पूरा गर्न एकवर्ष पनि कुर्नु परेन । विसं २०८० फागुन २९ देखि चैत ६ गतेसम्म थाइल्याण्डमा सम्पन्न १९औँ अम्याचुअर एण्ड प्रो-एम वर्ल्ड मुवा थाई च्याम्पियनसिप २०२४ मा विश्व विजेता हुन सफल हुनुभयो । मुवा थाई खेल विधाअन्तर्गत उहाँले प्राप्त गर्नुभएको यो उपाधि नेपालका लागि हालसम्मकै ठूलो हो ।

उहाँले मुवा थाई विधामा सातवटा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पराजय भोग्नुभएको छ । तर पनि पराजय नै विजयको पहिलो आधार मानेर निरन्तर अभ्यास गर्ने बानीले उहाँलाई सफलताको बाटोमा डोऱ्याइरहेको छ । नेपाल राष्ट्रिय मुवाथाई सङ्घले उहाँलाई सन् २०१६, २०१८ र २०२२ मा तीनपटक मुवाथाईको उत्कृष्ट खेलाडीको अवार्डबाट सम्मान गरिसकेको छ ।

### के हो मुवा थाई ?

मार्सल आर्टअन्तर्गतकै एक खेल विधा हो मुवा थाई । ‘द आर्ट अफ एट लिम्बस’ अर्थात दुवै कुहिना र दुवै घुँडा, दुवै बक्सिङ र दुवै किक गरेर आठ वटा भागले आफ्नो प्रतिस्पर्धीमाथी नियममा रहेर आक्रमण गर्न पाइन्छ ।

यो थाइल्यान्डको राष्ट्रिय खेल पनि हो । त्यसो त यसको इतिहास जान्नलाई १३ औँ शताब्दीतिर थाइल्यान्ड सुखोथाई राज्यको बेलासम्म पुग्नुपर्ने हुन्छ । पहिलो थाई सेना जसले राज्यको सुरक्षा गर्न यो युद्धकलाको विकास गरे र उनले आफ्नो सेना तथा गैरसेनालाई यो कला सिकाए । मार्सल आर्ट अन्तर्गतकै यो कलालाई पछि मुवा बोरन र मुवा थाई नामाकरण गरियो ।

मुवाको खास अर्थ बक्सिङ हो । मुवा थाई भन्नाले थाई बक्सिङ भन्ने बुझिन्छ । सुरुमा मुवा थाई खेलाडीले हातमा डोरीले बाँधेर बक्सिङ खेल्ने गर्थे । २० औँ शताब्दीको सुरुआतपछि यो खेल ब्रिटिस बक्सिङबाट प्रभावित भएर आधुनिकीकरणतर्फ लाग्यो र पछि हातमा पञ्जा लगाएर खेल्न थालियो । नेपालमा मुवाथाई खेलले सन् २०१० मा मान्यता पाएको हो । नेपाल राष्ट्रिय मुवाथाई सङ्घ सन् २०१२ मा दर्ता भयो ।

गुणराजका प्रशिक्षक तथा नेपाल राष्ट्रिय मुवा थाई सङ्घका केन्द्रीय अध्यक्षसमेत रहनुभएका गणेशलाल कक्षपति गुणराज पछिल्लो समय व्यावसायिक खेलाडीको रुपमा परिचित भइसकेको बताउनुहुन्छ । “उसले खेलेको धेरै लामो समय पनि भयो । अब एउटा ठूलै प्रतिस्पर्धामा उसलाई सहभागी गराउनुपर्छ भन्ने तयारी छ हाम्रो”, उहाँले भन्नुभयो, “उसले लामै समय थाइल्यान्डमा तालिम पनि गरिसक्यो । १० पटक त थाइल्याण्डमै खेल्न गइसक्यो । अरु पनि राम्रा खेलाडी थिए तर उनीहरुले निरन्तरता दिन सकेनन् । गुणराजले निरन्तर मेहनत गरेकोले राम्रो छ । अहिले टपमै छ ।”

मुवाथाई अहिले मार्शल आर्ट खेलअन्तर्गत उत्कृष्ट विधाको रुपमा स्थापित भएको कक्षपतिको भनाइ छ । “नेपाली सेनाको विशेष फोर्स, रेन्जर र सशस्त्र प्रहरीमा पनि यो खेल समावेश गरेको छ । यो व्यावसायिक रुपमा उदाएको खेल हो । नेपालमै चार हजारसम्मको टिकट काटेर यो खेल हेर्ने दर्शक छन्”, उहाँले भन्नुभयो । चितवनको राइनोलगायतका दर्जनौँ क्लब व्यावसायिक क्लबहरुले यो खेल खेलाउने गरेका छन् ।

गुणराजको अन्तिम लक्ष्य भनेको ‘वान च्याम्पियनसिप’ सम्म पुग्नेछ । ‘वान च्याम्पियनसिप’ मार्शल आर्टसँग सम्बन्धित प्रतिस्पर्धा हुने संसारकै एक ठूलो ‘प्लेटफर्म’ हो । यो प्रतियोगिता संसारको एक सय ९० भन्दा बढी देशको टेलिभिजन च्यानलहरुमा प्रत्यक्ष हेर्न पाइन्छ । सिंगापुरमा मुख्यालय रहेको ‘ वान च्याम्पियनसिप’मा गुणराजले आफ्नो प्रोफाइल पेस गरिसक्नुभएको छ । मुवा थाई विधामा उक्त प्लेटफर्मका लागि छनोट हुनु नेपाली खेलाडीका लागि फलामको चिउरा चपाउनु सरह छ । यद्यपी कुनैदिन त्यहाँसम्म पुग्ने उहाँको सपनामा तगारो भने लागिसकेको छैन । उहाँको ‘आइडल’ खेलाडी बुवाक बान्चामेक हो । जो थाइ फाइटर हुन् । बान्चामेक ‘वान च्याम्पियनसिप’लगायतका विश्व चर्चित मार्शल आर्ट प्रतियोगिताका ‘नम्बर वान’ खेलाडी हुन् ।

गुणराजलाई उहाँका बुबाआमाले यो कुटपिट गर्ने खालको खेल छाड्न सुझाव दिनुभएको छ । “जति गरिस् त्यसले हाम्रो इज्जत राखिस् हामी खुसी छौँ, अब भने यो छाड भन्नुहुन्छ बुवाआमा”, गुणराजले भन्नुभयो, “तर मलाई अहिले नै यो खेल छोड्ने इच्छा छैन ।” नेपालमा अझै मुवा थाई खेलेरै व्यावसायिक बन्ने अवस्था छैन । अन्तर्राष्ट्रिय चर्चित प्रतियोगितामा सहभागी हुनसके मात्र दाम कमाउन सकिने उहाँको भनाइ छ ।

संसारमा मार्सल आर्टका चर्चित खेलाडी हङकङ ब्रुस ली हुन् या अमेरिकाका बक्सर मुहम्मद अलि जसले ‘फाइट’ खेलेरै आफू मात्र प्रसिद्ध भएनन्, देशलाई समेत चिनाए । यसरी नै गुणराजले पनि देशको प्रतिनिधित्व गर्दै कुनै दिन नेपाललाई चिनाउने सपना बोक्नुभएको छ । भन्नुहुन्छ, ‘मेरो रगतमा मुवा थाई छ, मैले खेल्दा देशकै लागि खेल्नेछु ।’रासस

# घट्दैछ वीरगञ्ज भन्सारको राजस्व

**हिमाल लम्साल**

मुलुकको सबैभन्दा ठूलो व्यापारिक नाका वीरगञ्ज भन्सार कार्यालयबाट हुने आयात खुम्चिएसँगै राजस्व सङ्कलन पनि उत्साहजनक देखिएको छैन । यो कार्यालय हुँदै चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा रु पाँच खर्ब ५२ अर्ब ९५ करोड रकम बराबरको वस्तु तथा सामान आयात भयो । जबकि गत वर्षको सोही अवधिमा भने रु छ खर्ब ४४ अर्ब छ करोड बराबरको आयात भएको थियो । चालु आवको ११ महिनामा मात्रै गत आवको सोही अवधिको तुलनामा १४ दशमलव १५ प्रतिशत अर्थात् रु ९२ अर्बले आयात खुम्चिएको छ ।

मुलुकको राजस्वको ढुकुटीमा सबैभन्दा धेरै योगदान पुर्याउने वीरगञ्ज भन्सार कार्यालयले चालु आवको जेठ मसान्तसम्मको अवधिमा रु एक खर्ब ४१ अर्ब ३० करोड रकममात्र राजस्व सङ्कलन गरेको छ । जबकि कार्यालयले गत वर्षको सोही अवधिमा भने रु एक खर्ब ४२ अर्ब ३० करोड बराबरको राजस्व सङ्कलन गरेको थियो । कार्यालयले गत आवको तुलनामा चालु आवको सोही अवधिमा रु ४० करोड ५७ लाख रकम राजस्व घटेको छ । आयातमुखी अर्थतन्त्रमा निर्भर नेपालको राजस्व सङ्कलन प्रणालीमा प्रत्यक्ष असर देखा पर्न थालिसकेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले चालु आवमा आयात खुम्चिएसँगै राजस्व सङ्कलनमा पनि प्रभाव देखिन थालेको बताउनुहुन्छ । “औद्योगिक कच्चा पदार्थको आयात घटेसँगै राजस्व सङ्कलनमा असर देखिएको छ । खासगरी क्रुड आयलको कच्चा पदार्थको आयात घटिरहेको छ । विगतका वर्षमा जस्तै सवारीसाधनको पनि आयात उत्साहजनक देखिएको छैन”, उहाँले भन्नुभयो, “एकातर्फ आयात खुम्चिरहेको छ, अर्कोतर्फ समग्रमा मुलुकको अर्थतन्त्र नै सुस्ताएको कारणले पनि औद्योगिक गतिविधि कम हुँदा राजस्वमा असर देखिएको हो ।”

नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य डा सुबोधकुमार गुप्ताले अर्थ मन्त्रालयले हरेक वर्ष बजेट निर्माण गर्दा राजस्व सङ्कलन गर्ने रकम वास्तविकभन्दा पनि अनुमानको भरमा लक्ष्य निर्धारण गर्ने भएकाले लक्ष्यअनुसारको राजस्व सङ्कलन हुन नसकेको बताउनुहुन्छ । “बजेट बनाउँदा रहेक वर्ष २०-२५ प्रतिशत राजस्व बढ्ने उल्लेख गरिएको हुन्छ । वैज्ञानिक ढङ्गले राजस्व बढ्छ कि बढ्दैछ भनेर कुनै अध्ययन गरिएको हुँदैन । यसले गर्दा लक्ष्यअनुसारको राजस्व सङ्कलनमा सधैँ कमजोरी देखिँदै आइरहेको छ”, उहाँले भन्नुभयो, “राजस्व बढाउने उद्देश्य मात्रै राखिने गर्छ तर मुलुकभित्रको व्यापारिक तथा औद्योगिक उत्पादन घटिरहेको र उद्योगी-व्यापारी र सर्वसाधारणले कर तिर्न नसकिरहेको अवस्थामा ख्याल गर्ने गरिदैन ।”

अर्थशास्त्री दीपेन्द्रकुमार चौधरीले मधेस प्रदेशका करिब ६० प्रतिशत उपभोक्ताले सीमावर्ती भारतीय बजारबाटै उपभोग्य सामग्री खरिद गर्ने भएकाले पनि राजस्व सङ्कलनमा प्रत्यक्ष असर पार्ने गरेको दाबी गर्नुहुन्छ । “मधेस प्रदेशका अधिकांश उपभोक्ताले जन्मदेखि मृत्यु संस्कारसम्मका सबै गतिविधिमा सीमावर्ती भारतीय सहरबाटै खाद्यान्नदेखि रासन खरिद गर्दै आइरहेको छन्”, उहाँले भन्नुभयो, “एकातर्फ भारतको सीमावर्ती जिल्लामा रहेका बजार नेपाली उपभोक्ताकै कारणबाट चल्दै आइरहेका छन् भने अर्कोतर्फ नेपालका उद्योगी-व्यवसायीले पनि घुमाउँरो शैलीमा तस्करीका सामान बिक्री वितरण गर्दै आइरहेका छन् । यसको प्रभाव सरकारले ठूलो मात्रामा राजस्व गुमाउँदै आइरहेको छ ।”

नेपाल प्रहरी र सशस्त्र प्रहरीले पर्सा जिल्लामा ११ महिनाकै अवधिमा मात्रै रु अवैध चोरी तस्करी तथा बिलबिजनक नभएका रु ७७ करोडभन्दा बढी मूल्यका मालसमान बरामद गरेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साले पनि चालु आवको ११ महिनाको अवधिमा भन्सार छली तथा बिलबिजकअनुसार नभएका रु ४९ करोड ३२ लाख ४७ हजार नौ सय ५० मूल्यपर्ने सामान बरामद गरेको छ । यसमा भन्सारी छली गरेका रु सात करोड २४ लाख ४४ हजार दुई सय ९२ मूल्यका समान छन् । सोही अवधिमा बिलबिजकअनुसार नभएको सामान भने रु ४२ करोड आठ लाख १३ हजार छ सय ५८ मूल्य पर्ने समान बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक भारती प्रहरीको सक्रियताको कारणले चोरी तस्करी गर्नेबाट ठूलो परिणामको सामान बरामद गरिएको दाबी गर्नुहुन्छ । “खुला सीमानाकाका बाबजुद पनि चोरी तस्करी नियन्त्रणका कामलाई उच्च प्रथामिकतामा राख्दै आइरहेका छौँ”, उहाँले भन्नुभयो, “विगत वर्षको तुलनामा यो वर्ष अवैध सामान



पक्राउ गर्ने क्रम ह्वात्तै बढेको हो ।”

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले चालु आवको साउनदेखि जेठसम्मको अवधिमा भन्सार करिब रु २७ करोड ५० लाख मूल्य पर्ने भन्सार छली गरेका तथा बिलबिजक नभएका सामान बरामद गरेको छ । सशस्त्र प्रहरीले गत आबभन्दा चालु आवको ११ महिनाको अवधिमा तीन करोड सात लाख ३५ हजार नौ सय ४१ मूल्य पर्ने सामान तथा उपकरण बरामद गरेको छ । सशस्त्र प्रहरी गणका गणपति राधेश्याम धिमालले पर्सा जिल्लामा नेपाल-भारत खुला सीमानाका भएकाले दुवै मुलुकमा चोरी तस्करी निमिट्यान्न पार्न नसकिए पनि नियन्त्रण गर्ने प्रयास जारी राखेको बताउनुहुन्छ ।

भन्सार विभागले कार्यालयलाई चालु आवमा रु दुई खर्ब ४५ अर्ब ८८ करोड ५० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ । तर, कार्यालयले हालसम्म कुल लक्ष्यको ५७ दशमलव ७१ प्रतिशत राजस्वमात्रै सङ्कलन गरेको छ । सूचना अधिकारी कर्णले भन्सार विभागले दिएको राजस्व सङ्कलन गर्न दिएको लक्ष्य ६२ देखि ६५ प्रतिशतको हाराहारीमा सङ्कलन हुने दाबी गर्नुभयो ।

सुक्खा बन्दरगाहको पनि राजस्व उत्साहप्रद छैन

वीरगञ्ज भन्सार कार्यालयको मात्रै होइन, चालु आवको ११ महिनाको अवधिमा सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्जको पनि राजस्व सङ्कलन उत्साहप्रद छैन । कार्यालयले चालु आवको ११ महिनाको अवधिमा भन्सार विभागले दिएको कुल लक्ष्यको ६६ दशमलव ४४ प्रतिशत अर्थात् रु ४३ अर्ब आठ करोड ८६ लाख २३ हजार राजस्व सङ्कलन गरेको छ । जबकि भन्सार विभागले कार्यालयलाई रु ६५ अर्ब ९४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । कार्यालयका अनुसार यो वर्ष कुल राजस्व सङ्कलन गर्ने लक्ष्यको ७५ प्रतिशत हासिल हुने अपेक्षा गरिएको छ ।

गत आवमा भन्सार विभागले कार्यालयको लागि रु ६७ अर्ब ४३ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, कार्यालयले वर्षभरिमा नै कुल लक्ष्यको ६२ दशमलव ८८ प्रतिशत अर्थात् रु ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार राजस्व सङ्कलन गर्न सकेको थियो । सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्जका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले चालु आवमा समग्र वैदेशिक व्यापार घटेकाले पनि राजस्व सङ्कलन उत्साहप्रद नभएको बताउनुभयो । “सवारीसाधन आयात भएर धेरै राजस्व सङ्कलन हुने गर्थ्यो । तर, यो वर्ष सवारीसाधनको आयात खासै बढ्न सकेको छैन”, उहाँले भन्नुभयो ।

“भारतबाट सोझै सुक्खा बन्दरगाह कार्यालयमा कार्गो रेलबाट सामान आउने भएकाले यहाँ चोरी तस्करी हुने सम्भावना न्यून रहेको उहाँको भनाइ छ । बरुवालले भन्नुभयो, “यो वर्ष कार्गो रेलबाट सामान ल्याउने क्रम पनि घट्दो क्रममा रहेको छ । पहिला दैनिक तीनवटा कार्गो रेलबाट सामान भित्रिने गर्थ्यो तर अहिले एउटा वा दुई वटा कार्गो रेलले मात्रै सामान ल्याउने गरेको छ ।”

केन्द्रीय सदस्य गुप्ता अहिले अर्थतन्त्रमा देखिएको शिथिलतालाई अन्त्य गर्न  राज्यले औद्योगिक क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने नीति अघि सार्नुपर्ने बताउनुहुन्छ । “अहिले मुलुकको अर्थतन्त्रमा गम्भीर सङ्कटको असर देखिरहेको छ । यो सङ्कटमोचन गर्ने खालको मौद्रिक नीति ल्याएर हल गर्न जरुरी भइसकेको छ”, उहाँले भन्नुभयो, “सरकारले मुलुकभित्र औद्योगिक गतिविधि बढ्नुपर्छ । मुलुकभित्रै उत्पादन भएको वस्तु तथा सामान विदेशमा पनि निर्यात हुनुपर्छ भन्दै आइरहेको छ तर सो लगानीमैत्री वातावरण बनाउन भने सरकार चुकेको देखिन्छ ।”

मुलुकको अर्थतन्त्र शिथिलताको कारणले औद्योगिक कच्चा पदार्थ र खाद्यान्नलगायत आयातमा गिरावट आएसँगै राजस्व सङ्कलनमा पनि प्रत्यक्ष प्रभावित हुँदै आइरहेको उहाँको भनाइ छ । “मुलुकको अर्थतन्त्र निकै जर्जर अवस्थाबाट गुज्रिराखेको छ । अहिले विद्युत्भार कटौतीको कारण उद्योगधन्दा १२-१६ घण्टा बन्द हुने अवस्थामा छन् । औद्योगिक कच्चा पदार्थको आयात घटेसँगै राजस्व सङ्कलनमा पनि असर देखापरेको हो”, उहाँले भन्नुभयो, “अहिले अर्थतन्त्रमा देखिएको समस्या तत्कालै सम्बोधन नगर्ने हो भने आगामी वर्षमा राजस्व झनै घट्ने देखिन्छ ।” पछिल्लो समय आयात घट्नुमा देशको कुल जनसङ्ख्यामध्ये एक करोड २० लाखभन्दा धेरै नागरिक विदेशी मुलुकमा अध्ययन वा रोजगारीको कारणले पलायन भएकाले पनि मुलुकभित्र खपत गर्ने वातावरणमा कमी आएको छ ।रासस

# विशेषज्ञ स्वास्थ्य सेवा बीमामार्फत गर्ने सरकाको योजना

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क बनाउने तथा विशेषज्ञ स्वास्थ्य सेवालाई बीमामार्फत् गर्ने योजना अघि बढाइएको बताउनुभएको छ।

राष्ट्रियसभाको विहिबारको बैठकमा आगामी आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयकमाथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै मन्त्री यादवले हरेक नागरिकको स्वास्थ्य उपचार सुनिश्चित गरी निरोगिता र मृत्युदर घटाउने गरी स्वास्थ्य मन्त्रालयको आगामी आर्थिक वर्षको बजेट केन्द्रित भएको बताउनुभयो।

"आधारभूत र विशेषज्ञ स्वास्थ्य सेवा बीमामार्फत गर्ने मन्त्रालयको रणनीति छ। यसका लागि पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन, न्यायोचित स्रोत र साधनको वितरण, विषम भौगोलिक अवस्थासँगै आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्न नसकिएको लगायतका चुनौती छन्", मन्त्री यादवले भन्नुभयो, "यी चुनौतीको समाधान र दिगो विकासको लक्ष्य प्राप्तिमा व्यवस्थापिका र कार्यपालिकाका तर्फबाट सहयोगको खाँचो छ।"

आधारभूत स्वास्थ्य सेवा निःशूल्क रूपमा उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन र सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्न सकिएमा विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्न लाग्ने व्यक्तिगत खर्च कम गर्न सकिने उहाँले बताउनुभयो। छ सय ५५ स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने सरकारको योजना रहेकामा तीन सय ९६ अस्पतालका लागि मात्र स्रोत सुनिश्चित भएको उल्लेख गर्दै मन्त्री यादवले दुई सय



५९ अस्पतालको स्रोत सुनिश्चित नभएकाले स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयसँग माग गरिएको बताउनुभयो। हालसम्म चार सय १५ अस्पताल निर्माणाधीन अवस्थामा रहेका र ५० आधारभूत अस्पताल निर्माण भइसकेका उहाँले जानकारी दिनुभयो।

निर्माणाधीन आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू र आधार भूत अस्पतालको निर्माण कार्य सम्पन्न गरी औजार उपकरण तथा जनशक्तिको व्यवस्था गर्न मन्त्रालयले प्राथमिकताकासाथ काम गरिरहेको मन्त्री यादवले बताउनुभयो। जनशक्ति व्यवस्थापन गर्न आधारभूत अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य अगाडि बढाइएको उहाँको भनाइ छ।

स्थानीय तहका सबै आधारभूत अस्पताल र स्वास्थ्य संस्था सञ्चालन भएमा काठमाडौं उपत्यकाभित्रका अस्पतालमा हुने भीडभाड घट्ने अपेक्षा गरिएको मन्त्री यादवले बताउनुभयो। दुर्गम हिमाली र पहाडी क्षेत्रमा आकस्मिक प्रसूति तथा शल्यक्रिया सेवा र महिलाको लागि आकस्मिक हेलिलिफ्ट सेवा उपलब्ध गराउन सरकारले पर्याप्त बजेट छुट्याएको उहाँले उल्लेख गर्नुभयो। सिंहदरबार वैद्यखाना विकास समिति खारेज गरेर अर्को मोडलबाट काम गर्न प्रस्ताव गरिएको मन्त्री यादवले बताउनुभयो। सरकारी स्वास्थ्यसंस्थाको सेवा प्रवाह राम्रो बनाउन विभिन्न नीतिगत तथा संरचनागत सुधारका काम भइरहेका उहाँले बताउनुभयो।

"सरकारी अस्पतालको सङ्गठन संरचना धेरै पुरानो भएकाले बिरामीको बढ्दो चाप, नयाँ सेवा तथा विशेषज्ञता र नयाँ रोगभारको आधारमा सङ्गठन तथा संरचना समायोजन नभएकाले माग अनुसारको सेवा प्रदान गर्न सकिएको छैन", मन्त्री यादवले भन्नुभयो, "यसलाई समाधान गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ एवम् सङ्गठन संरचना र दरबन्दी पुनरावलोकनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ प्रयोग गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्ययोजना छ।" यसले स्वास्थ्य जनशक्तिको सही संख्या, उचित सीप, सही स्थान, उचित समयजस्ता विषय निर्क्यौल गर्न सहज हुने उहाँले बताउनुभयो।

स्वास्थ्य क्षेत्रको जनशक्ति विदेश पलायन भइरहेकामा चिन्ता व्यक्त गर्नुहुँदै मन्त्री यादवले यसलाई रोक्न आवश्यक रहेको बताउनुभयो। "स्वास्थ्य जनशक्ति विदेश पलायन हुने प्रवृत्ति बढ्दै गएको छ। यसलाई रोक्न देशलाई आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्ने योजना आवश्यक छ" उहाँले भन्नुभयो।

नीतिगत र कानुनी रूपमा दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मीको उपस्थिति सुनिश्चित गर्ने व्यवस्था गरिएको मन्त्री यादवको भनाइ छ।

दुर्गममा काम गर्ने स्वास्थ्यकर्मीले अतिरिक्त भत्ता पाउने, बढुवाका लागि अतिरिक्त अङ्क पाउने, उच्च शिक्षा र तालिममा प्राथमिकता पाउने व्यवस्था गरिएको उहाँले बताउनुभयो। त्यस्तै, छात्रवृत्तिमा पढेका चिकित्सकलाई काठमाडौंभित्र पदस्थापन नगर्ने नीति कार्यान्वयनमा रहेको मन्त्री यादवले जानकारी दिनुभयो।रासस

# अन्तर्राष्ट्रिय सीमाका विषयमा राष्ट्रिय सहमति भएको छः उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको अन्तर्राष्ट्रिय सीमाका विषयमा राष्ट्रिय सहमति कायम भएको बताउनुभएको छ। राष्ट्रियसभाको विहिबारको बैठकमा उहाँले अन्तर्राष्ट्रिय सीमा विवादका विषयमा उठाइएको प्रश्नको जवाफमा राष्ट्रिय सहमति कायम भएको उल्लेख गर्नुभएको हो।

उहाँका अनुसार नेपाल-भारतबीचको सुगौली सन्धि-१८१६ बमोजिम लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायत काली/महाकाली नदीको पूर्वका सबै भूभाग नेपालको हो भन्ने विषयमा सरकार दृढ र स्पष्ट छ।

"भारत भ्रमणका अवसरमा दुवै देशका प्रधानमन्त्रीबीच भएको भेटवार्तामा सन् १९५० को सन्धि, शान्ति तथा मैत्रीसन्धिलगायत विद्यमान द्विपक्षीय सन्धी तथा सम्झौतालाई परिमार्जन र अद्यावधिक गर्न एवं सीमासम्बन्धी विषयलाई स्थापित कूटनीतिक संयन्त्रमार्फत समाधान गर्नेगरी अगाडि बढ्ने समझदारी भएको छ", मन्त्री श्रेष्ठले भन्नुभयो।

भर्खरै सम्पन्न प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा पनि सीमालगायतका सबै विषयका विद्यमान संयन्त्रलाई क्रियाशील बनाई सकेसम्म चाँडो यी समस्याको समाधान गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आग्रह गर्नुभएको उहाँको भनाइ छ।

भारतीय प्रधानमन्त्रीले त्यसलाई सकारात्मक रुपमा लिँदै समस्या समाधानका लागि सबै संयन्त्रलाई अगाडि बढाउन

> मन्त्री श्रेष्ठका अनुसार नेपालको स्वतन्त्र, सन्तुलित, निष्पक्ष र वस्तुनिष्ठ दृष्टिकोणका कारण विश्वजगत्मा विश्वसनीयता र सम्मान आर्जन हुन सकेको छ।



सहमत हुनुभएको उपप्रधानमन्त्री श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार नेपाल-भारत सीमा कार्य समूहमार्फत दुवै देशको सिमा नाकामा सीमास्तम्भको निर्माण, पुनःस्थापना र मर्मतका साथै दशगजा 'होल्डिङ'को लगत तयार गर्नेजस्ता प्राविधिक कार्य निरन्तर रुपमा हुँदै आएका छन्। परराष्ट्र मन्त्रालयमार्फत नेपाल-भारत सीमा कार्य समूहको सातौं बैठकका निम्ति भारतीय पक्षलाई कूटनीतिक माध्यमबाट पत्राचार भइसकेको उहाँले बताउनुभयो।

सीमापार अपराध न्यूनीकरणका लागि विद्यमान द्विपक्षीय संयन्त्रलाई क्रियाशील पार्ने प्रक्रिया पनि अगाडि बढेको उहाँले बताउनुभयो। "नेपालले सार्वभौमिक समानता, पारस्परिक सम्मान र लाभका आधारमा छिमेकीलगायत अन्य मुलुकसँगको सम्बन्धलाई सुदृढ र विस्तार गर्दै आएको छ", उहाँले भन्नुभयो, "गुण र दोषका आधारमा अन्तर्राष्ट्रिय मुद्दामा स्वतन्त्र धारणा बनाउने, मतदान गर्ने तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई न्यायपूर्ण, निष्पक्ष, उत्तरदायी र सहयोगात्मक बनाउने दिशामा नेपालको कूटनीतिक प्रयास उन्मुख छ।"

मन्त्री श्रेष्ठका अनुसार नेपालको स्वतन्त्र, सन्तुलित, निष्पक्ष र वस्तुनिष्ठ दृष्टिकोणका कारण विश्वजगत्मा विश्वसनीयता र सम्मान आर्जन हुन सकेको छ। बदलिँदो अन्तर्राष्ट्रिय परिवेशमा असंलग्न आन्दोलनको सान्दर्भिकता र महत्त्वलाई थप उजागर गर्न सहकार्य गर्ने नेपाल सरकारको प्रतिबद्धता रहेको उहाँले बताउनुभयो।साथै हाल विश्वका जल्दाबल्दा राजनीतिक तथा आर्थिक मुद्दाको समाधानका लागि असंलग्न आन्दोलनमा आबद्ध सदस्य राष्ट्रको ऐक्यबद्धता र सहकार्यमा जोड दिइएको मन्त्री श्रेष्ठले बताउनुभयो।

छिमेकी मित्रराष्ट्रसँगको द्विपक्षीय सम्बन्धलाई संयुक्त राष्ट्रसँगको बडापत्र, पञ्चशीलका सिद्धान्त तथा असल छिमेकीपनका मान्यताका आधारमा स्वतन्त्र र सन्तुलित ढङ्गबाट सञ्चालन गर्ने, एकअर्काका सुरक्षा संवेदनशीलतामा ध्यान दिने र छिमेकी मित्रराष्ट्रको आर्थिक विकास र समृद्धिबाट लाभ लिनेगरी सहयोगका नयाँ क्षेत्रको पहिचान एवं साझाहितका विषयमा साझेदारी प्रवर्द्धन गर्ने नीतिगत मार्गदर्शनमा अडिग रहेर नै परराष्ट्र मन्त्रालयले कूटनीति सञ्चालन गरेको बताउनुभयो।

नेपाली नागरिक विदेशी सेनामा भर्ती भएका विषयमा सरकार सधैँ नै गम्भीर रहँदै पनि आएको उहाँले बताउनुभयो। "नेपालले केही मित्रराष्ट्रसँग विगतमा गरेका समझदारी अनुरुप परम्परागत रुपमा त्यहाँको राष्ट्रिय सेनामा नेपाली नागरिक भर्ना हुँदै आएकामा बाहेक विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिनेसम्बन्धी नेपाल सरकारको कुनै नीति छैन", उहाँले भन्नुभयो, "रुस-युक्रेन युद्धका कारण मृत्यु भएका र बन्धक बनाइएका नेपाली नागरिकका सम्बन्धमा मस्कोस्थित नेपाली राजदूतावास र रुसी महासङ्घका काठमाडौंस्थित राजदूतावासमा निरन्तर सम्पर्क, समन्वय र संवाद भइरहेको म जानकारी गराउन चाहन्छु।"

उहाँका अनुसार विदेशमा अप्ठ्यारोमा परेका नेपालीहरूको उद्धार एवं आवश्यकताअनुसार नेपाल फर्कन सहजीकरण गर्नेलाई नियोगले उच्च प्राथमिकतामा राखेको छ। विदेशमा रहेका नेपालीको हकहित र सुरक्षाप्रति संवेदनशील हुनेतर्फ नेपाली राजदूत तथा नियोग प्रमुखलाई अभिमुखीकरण गरिएको उहाँले बताउनुभयो।

वैदेशिक रोजगारीमा जाने नेपालीको कामलाई मर्यादित, व्यवस्थित र पारदर्शी बनाउन मागपत्र प्रमाणीकरणलाई अनलाइन प्रणालीमार्फत गर्ने प्रबन्ध मिलाइएको उहाँले जानकारी दिनुभयो। यसैगरी नेपालको विकास र समृद्धिका लक्ष्य पूरा गर्ने सिलसिलामा गैरआवासीय नेपालीको पूँजी, सीप, प्रविधि र ज्ञानलाई अधिकतम उपयोग गर्नुपर्ने मन्त्री श्रेष्ठको जोड छ।

विश्व जलवायु सम्मेलनमा पर्वतीय क्षेत्रको वातावरण जोखिमलाई प्राथमिकतासाथ उठाउनुपर्ने नीति नेपाल सरकारले लिएको उहाँले बताउनुभयो। श्रेष्ठका अनुसार देशको हित र कूटनीतिलाई मजबुद बनाउन वस्तुगत आधारमा राजदूतको मूल्याङ्कन गरी सोही अनुरुप व्यवस्थापन गर्ने नीति अवलम्बन गरिएको छ।रासस

# 'अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच पुऱ्याउन पहल गरिने'

काठमाण्डु । वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीले जलवायु परिवर्तनको समस्या समाधानका लागि अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच पुऱ्याउन पहल गरिने बताउनुभएको छ। जलवायु वित्तको प्रवाह बढाउन तथा पर्वतीय मुलुक र हिमाली क्षेत्रमा परेको जलवायु परिवर्तनका असरसँग जुध्न नेतृत्वदायी भूमिका निर्वाह गर्न सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो।

राष्ट्रियसभाको विहिबारको बैठकमा भएको छलफलका क्रममा उठेका सवालको जवाफ दिँदै मन्त्री सुडीले भन्नुभयो- "जलवायु परिवर्तनले पारेका नकारात्मक असर र तिनको व्यवस्थापनसँग सम्बन्धित विषय वर्तमान सन्दर्भमा सान्दर्भिक र महत्वपूर्ण छन्, जलवायु परिवर्तन विश्वव्यापी रुपमा देखापरेको गम्भीर समस्या हो। यसको सम्बोधनका लागि सबैको साझा प्रयास हुनुपर्छ।

विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा नेपालको भूमिका अत्यन्त न्यून भए पनि नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रमध्येमा पर्दछ।"

कार्बन उत्सर्जन घटाउने अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप आगामी आर्थिक वर्षदेखि पेट्रोलियम पदार्थ र कोइलाको पैठारीमा हरित कर लगाउने व्यवस्था गरिएको मन्त्री सुडीले जानकारी दिनुभयो। समुदायमा आधारित वन व्यवस्थापन पद्दति लागू भएका वन र सरकारद्वारा व्यवस्थित वनबाट काठ दाउराको उत्पादन बढाउने तथा बिक्रीवितरण कार्यलाई थप सहजीकरण गर्न सरकारले हालै वन (दोस्रो संशोधन) नियमावली, २०८१ लागू गरेको उहाँले जानकारी दिनुभयो।

वन नियमावली, २०७९ मा भएको यस संशोधनले वन व्यवस्थापन कार्यलाई थप सहजीकरण गर्न सहज हुने अपेक्षा गरिएको मन्त्री सुडीले बताउनुभयो। हाल नेपालमा करिब ३.५ करोड क्यूविक फिट काठ उत्पादन भइरहेकामा वार्षिक करिब दुई लाख क्यूविक फिट (कूल राष्ट्रिय उत्पादनको तुलनामा १ प्रतिशतभन्दा कम) गोलिया काठ मात्र विदेशबाट आयात हुने गरेको उहाँले जानकारी दिनुभयो।

"जनतालाई सहज रुपमा काठ दाउरा आपूर्ति गर्ने व्यवस्था मिलाउन माग रहेका जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति (५१ जिल्ला) मार्फत उपउब्ध गराउने व्यवस्था मिलाइएको छ," मन्त्री सुडीले भन्नुभयो, "बाँकी



हिमाली तथा उच्च पहाडी जिल्लामा माग निवेदनको आधारमा सम्बन्धित डिभिजन वन कार्यालयमार्फत उपलब्ध गराइन्छ। साथै सहरी क्षेत्रमा नेपाल वन निगम लिमिटेडका बिक्री डिपोमार्फत पनि काठ दाउरा उपलब्ध गराइँदै आएको छ।"

समुदायमा आधारित वन व्यवस्थापन पद्दति लागू भएका उपभोक्ता समूह सदस्यलाई समूहको स्वीकृत वन कार्ययोजना बमोजिम समूहमार्फत नै काठ दाउरा आपूर्ति गर्ने व्यवस्था मिलाइएको मन्त्री सुडीले बताउनुभयो।

उहाँले सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन उपभोक्ता समूहको व्यवस्थापन योजनामा उल्लेख भए बमोजिम सुकेका, ढलापडा रुख स्वीकृत कार्ययोजना बमोजिम कटान गरी सदुपयोग गर्न कुनै बन्देज नरहेको उहाँले जानकारी दिनुभयो।

वनबाट आर्थिक समृद्धि हासिल गर्न हरियाली प्रवर्द्धन, वृक्षरोपण, बिरुवा उत्पादन जस्ता कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तह तथा उपभोक्ता समूहसमेतको सहभागितामा कार्यान्वयनमा ल्याइने मन्त्री सुडीको भनाइ छ।

"आगामी आर्थिक वर्षमा दुई करोड बिरुवा उत्पादन गरी कृषि वन, निजी वन, सार्वजनिक जग्गा, नदी उकास जग्गामा वृक्षरोपण गरिनेछ। सहरलाई हरियाली तथा मनोरम बनाउन प्रदेशमार्फत एक सय पाँच हरित उद्यान निर्माण गर्ने गरी बजेट विनियोजन गरिएको छ," उहाँले भन्नुभयो, "सतिसाल जस्तो बहुमूल्य काठको तस्करी भई यो प्रजाति लोप हुने अवस्थामा पुगेको छ, यस विषयमा वन तथा वातावरण मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ, सतिसाल प्रजाति लोपोन्मुख वनस्पति प्रजाति रहेकोले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी व्यापारिक प्रयोजनका लागि यसको कटान, ओसारपसार र विदेश निकासीमा प्रतिबन्ध लगाइएको छ।"रासस

# निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति दिँदैछौँः मन्त्री बस्नेत

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले निजी क्षेत्रलाई कानुनी व्यवस्थासहित विद्युत् व्यापारमा संलग्न गराउन लागिएको बताउनुभएको छ।

विनियोजन विधेयक, २०८१ अन्तर्गत ऊर्जा, जलस्रोत तथा सिँचाइका सम्बन्धमा सांसदहरुले उठाउनुभएको प्रश्नको जवाफमा मन्त्री बस्नेतले कानुनी व्यवस्था गरेर सरकारले निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमतिका लागि आवश्यक व्यवस्था गर्न लागिएको जानकारी दिनुभयो। विद्युत् उत्पादनका क्षेत्रमा उल्लेखनीय योगदान गर्दै आएको निजी क्षेत्रलाई नेपालमा खपत भएर बढी हुने अतिरिक्त विद्युत् निर्यातका लागि अन्तरदेशीय विद्युत् व्यापारको अनुमति दिने प्रक्रिया अगाडि बढाइएको उहाँको भनाइ छ।

आगामी आर्थिक वर्षमा निर्माणाधीन जलविद्युत् आयोजना सम्पन्न भई करिब ९०० मेगावाट विद्युत् राष्ट्रिय विद्युत् प्रणालीमा थपिने उहाँले जानकारी दिनुभयो।विद्युत् खरिद सम्झौता भई करिब चार हजार नौ सय मेगावाट क्षमताका आयोजना हाल निर्माणको विभिन्न चरणमा छन्। त्यसैगरी अध्ययन सम्पन्न भई करिब १० हजार मेगावाट क्षमताका विद्युत् आयोजना विद्युत् खरिद सम्झौताको प्रक्रियामा रहेको उहाँको भनाइ छ।

वितरण तथा प्रसारण लाइन निर्माण तथा विस्तार भइरहेको उल्लेख गर्दै उहाँले हाल ६६ केभी र सोभन्दा माथिका छ हजार दुई सय १२ सर्किट किलोमिटर र वितरण लाइन ३३ केभी क्षमताका करिब सात हजार सात सय ५१ सर्किट किमी बराबरको प्रसारण लाइन निर्माण भइसकेको जानकारी दिनुभयो।आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन र वितरण लाइन सुधार तथा विस्तारका लागि रु ३१ अर्ब १९ करोड बराबरको बजेट आगामी आवका लागि विनियोजन गरिएको छ। साथै प्रसारण लाइनबाट प्रभावितलाई यथोचित मुआब्जा तथा क्षतिपूर्तिसहित लाभका अवसरमा संलग्न गराउन आवश्यक प्रबन्ध गरिएको छ।

अन्तरदेशीय विद्युत् व्यापारका लागि उच्च भोल्टेजका प्रसारण लाइन निर्माणलाई अगाडि बढाइएको उहाँको भनाइ छ। रासस


मधेश प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

प्रदेश दुग्ध विकास वोर्ड

जनकपुरधाम, धनुषा

**दुध तथा दुग्ध पदार्थको सेवन किन ?**

१. शरिरलाई आवश्यक सम्पूर्ण पौष्टिक तत्वहरु उचित मात्रामा दुधमा मात्र रहेकोले कलियुगको अमृतको रुपमा चिनिने।
२. बच्चा देखि वृद्ध सम्मका मस्तिष्क विकासका लागि आवश्यक पौष्टिक तत्व (ल्याक्टोज) दुधमा मात्र पाईने भएकोले।
३. दैनिक कम्तिमा २५० मि.लि. प्रति दिन प्रति व्यक्ति सेवन गर्नाले मानव शरिरमा रोग प्रतिरोधात्मक क्षमता बढाउनुको साथै जवानी कायम राख्न मद्दत गर्ने भएकोले।
४. अन्य पेय पदार्थ भन्दा दुध सेवन गर्नाले दुधको व्यवसाय प्रवर्द्धन भई स्वरोजगारको अवसर सृजना हुने भएकोले।
५. हरियो घाँस खुवाएर उत्पादन गरिएको दुधमा सि.एल.ए. (कन्जुगेटेड लिनोलिक एसिड) प्रचुर मात्रामा पाईने हुँदा मानव शरिरमा लाग्ने भयानक क्यान्सर जस्ता रोग लाग्ने सम्भावना कम हुने।

"घाँसमा आधारित पशुपालन गरौं उत्पादन लागत घटाऔं।"



मधेश प्रदेश सरकार

उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

**जनहितमा जारी सूचना**

१. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई, शिक्षा र पानीको उपयोग अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
२. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा क्रमिक रुपमा चार्जिगंस्टेशन स्थापना गरिने छ।
३. जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge" अवधारणालाई नाराको रुपमा मूर्तरुप दिई भूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातको पानी संकलन तथा संरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ। भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य (Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ।
४. भू-जलस्तरमा भईरहेको ह्रासलाई भुमिगत पुर्नभरण (Ground Water Recharge) गर्न अध्ययन अनसुन्धान गरी सोको प्रतिवेदनको आधारमा व्यवस्थापन कार्यलाई प्राथिमकता साथ कार्यान्वयन गरिनेछ।
५. नदीनालाहरूबाट ढुङ्गा, गिट्टी, वालुवाको अव्यविस्थत र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यविस्थत गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत संभार गरी माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भुमिगत जलस्तर (Ground Water Level) लाई उठाउने कार्य गरिनेछ।
६. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
७. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ र "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२" कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन, सब-डिभिजन खानेपानी कार्यालयहरूमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना र सुदृढीकरण गरिनेछ।
८. स्वच्छ खानेपानीको सुविधा पुर्याउन "निर्मल जल घर घर नलजल" खानेपानी योजनालाई स्थानीय सरकार र सरोकारवालाहरूको समन्वय र सहकार्यमा प्राथिमकता साथ संचालन गरिनेछ।
९. वातावरणीय सरसफाई एवम् स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत जनचतेना अभिवृध्दि र सार्वजिनक शौचालय निर्माण र मर्मत संभार गरिनेछ।
१०. प्रदेश सरकारले आत्मसात गरेको "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई सार्वजिनक निजी साझेदारी नीति अन्तर्गत प्रवर्द्धन गरिनेछ।

# दक्षिण अफ्रिकामा ३४ हजार बर्ष पूराना ‘धमिराको ढिस्का’ फेला

एएफपी

केपटाउन। दक्षिण अफ्रिकाको सुख्खा क्षेत्रमा अहिले पनि धमिरा बसोबास गरिरहेको ‘धमिराको ढिस्का’ ३० हजार वर्षभन्दा बढी पुरानो भएको थाहा पाएपछि वैज्ञानिकहरू दङ्ग परेका छन्।

स्टेलेनबोस्च विश्वविद्यालका अनुसन्धाताहरूका अनुसार नामाक्वाल्याण्डको बफेल्स नदी नजिकैका केही ढिस्का ३४ हजार वर्ष पुरानो भएका रेडियोकार्बनले अनुमान गरेको छ।

अध्ययनको नेतृत्व गरेका विश्वविद्यालयको माटो विज्ञान विभागका वरिष्ठ प्राध्यापक मिचेल फ्रान्सिसले भन्नुभयो “ती पुराना थिए भन्ने हामीलाई थाहा थियो तर त्यति पुरानो थिए भन्ने कल्पना गरिएको थिएन।” उहाँको शोधपत्र मे महिनामा प्रकाशित भएको थियो।

फ्रान्सिसका अनुसार ती ढिस्काहरू मांसाहारी विलुप्त समूहको कुनै एक सदस्य घुमाउरो दाँत भएका बिरालो प्रजातिका जङ्गली जनावर (साबर-टुथ क्याट) र अफ्रिका, यूरोप, एशिया, र उत्तर अमेरिकामा मायोसिन युगदेखि करिब चार हजार बर्षअघिसम्म अस्थित्वमा रहेका विभिन्न प्रजातीका बाक्लो ऊनले ढाकेको शरीर भएका (उली म्यामथ) पृथ्वीका अन्य भागहरूमा घुमिरहेका समय अथवा युरोप र एसियाका अधिकांश भागहरू हिउँले ढाकिएको समय बनेका अनसन्धानबाट थाहा हुन आएको




छ। ती ‘धमिरोका ढिस्को’ हरू युरोपका केही प्रारम्भिक गुफा चित्र कोरिनुभन्दा भन्दा पहिलेका थिए।

लाखौं वर्ष पुरानो केही जीवाश्मीकृत धमिराको ढिस्कोहरू पनि पत्ता नलागेका होइनन्। यो अध्ययनभन्दा पहिले अहिले पनि धमिरा भेटिएका सबैभन्दा पुरानो ढिस्को ब्राजिलमा फेला परेको थियो र यो करिब चार हजार वर्ष पुरानो थियो।

तिनीहरू अन्तरिक्षबाट देखिन्छन् ।फ्रान्सिसका अनुसार नामाक्वाल्याण्डको ढिस्को ‘ अपार्टमेन्ट कम्प्लेक्स’को धमिराको संस्करण हो र प्रमाणले ती धमिराका बस्तीहरूले त्यहाँ लगातार ‘धमिराको उपनिवेश’ हरू बसोबास गर्दै आएको देखाउँछ।

> धमिराको उत्पत्ति माटोको लागि पनि राम्रो हुन्छ । थोरै वर्षा हुने क्षेत्रमा धमिराको ढिस्कोको टुप्पोमा जङ्गली फूलहरूको थुप्रो फुल्छ ।

धमिराको ढिस्को नामाक्वाल्याण्ड परिदृश्यको एक प्रसिद्ध विशेषता हो र कसैले पनि उनीहरूको प्राचिनताका बारेमा शङ्का गरेको थिएन तर जव तिनीहरूको नमूना रेडियोकार्बन डेटिङको लागि हङ्गेरीमा विशेषज्ञहरूको अध्ययनका लागि पठाइयो यो निकै पूरानो भएको पुष्टि भएको छ ।फ्रान्सिसले भन्नुभयो, “त्यहाँ वरपरका मानिसहरूलाई यी विशेष, प्राचीन परिदृश्यहरू हुन् र त्यहाँ संरक्षित छन् भन्ने कुरा थाहा छैन।”

अफ्रिकी भाषामा ‘ह्युवेल्ट्जी’ अर्थात् सानो पहाड भनेर चिनिने केही ठूला थुम्काहरू लगभग १०० फिट (३० मिटर) चौडा हुन्छन् । त्यहाँ धमिराको गुँड १० फिट गहिरो जमिनमुनिसम्म रहेको छ ।फ्रान्सिसले भन्नुभयो, “अनुसन्धानकर्ताहरूले नमूना लिनका लागि सावधानीपूर्वक ढिस्कोको केही भागहरू उत्खनन गर्न आवश्यक थियो । यसका लागि जब ढिस्कालाई भत्काइयो धमिराहरूले ‘आपतकालीन अवस्था’ को सामना गर्दै प्वालहरू भर्न थाले ।”टोलीले ढिस्कालाई अफ्रिकामा पाइने जमिनमुनि बस्ने जनापर आर्डवार्क जस्ता शिकारीहरूबाट सुरक्षित राख्न ढिस्कोहरू पूर्ण रूपमा पुनर्निर्माण गरेको छ।

फ्रान्सिसका अनुसार यो परियोजना पुरातन संरचनाको आकर्षक दृश्य मात्र होइन। यसले प्रागऐतिहासिक जलवायुको एक झलक पनि प्रस्तुत गरेको छ। यसबाट नामाक्वाल्याण्ड धमिराले ढिस्कोहरू बनाउने बेलामा धेरै ओसिलो ठाउँ थियो भन्ने पुष्टि हुन्छ।यी धमिराहरू रूखका सुकेका हाँगा र अन्य मृत काठहरू सङ्कलन गरेर र यसलाई माटोको गहिराइमा राखेर कार्बनलाई भण्डारण गर्न माहिर मानिन्छन् । यसले वायुमण्डलमा उत्सर्जित कार्बनको मात्रा घटाएर जलवायु परिवर्तनलाई कम गर्न मद्दत गर्दछ।

धमिराको उत्पत्ति माटोको लागि पनि राम्रो हुन्छ। थोरै वर्षा हुने क्षेत्रमा धमिराको ढिस्कोको टुप्पोमा जङ्गली फूलहरूको थुप्रो फुल्छ ।फ्रान्सिसले जलवायु परिवर्तन, दिगो पारिस्थितिकीय प्रणाली र कृषि अभ्यासमा सुधारका लागि पनि उनीहरूले प्रदान गर्ने पाठलाई ध्यानमा राख्दै धमिराको ढिस्कोमा थप अनुसन्धान गर्न आह्वान गर्नुभयो । उहाँले भन्नुभयो, “धमिराहरूले ढिस्कोमा के गरेका छन् भनेर हामीले राम्रो तयारी पछि अध्ययन गरेका थियौं। तिनीहरू धेरै पट्यारलाग्दा क्षण पनि थिए।”

# अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारी गर्न चार करोड ३४ लाख बजेट




काठमाण्डु । युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले पेरिस ओलम्पिक, मिसन-२०२६ र छैटौं एसियन इण्डो मार्सल आर्ट-२०२४ लगायत अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी गर्न रु चार करोड ३४ लाख विनियोजन गरिएको बताउनुभएको छ।

राष्ट्रियसभाको विहिबारको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा मन्त्री श्रेष्ठले बृहत् अन्तर ष्ट्रिय खेलकुद प्रतियोगिता तयारीका लागि राष्ट्रियस्तरमा १० खेलका करिब दुई सयभन्दा बढी खेलाडीलाई विशेष प्रशिक्षण दिइने बताउनुभयो । उहाँले ती प्रशिक्षणको तयारी गर्न रु चार करोड ३४ लाख विनियोजन गरिएको जानकारी दिनुभयो।

मन्त्री श्रेष्ठले विभिन्न अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा सहभागिता जनाउन रु दुई करोड ९० लाख विनियोजन गरिएको उल्लेख गर्नुभयो । बाघचाल, डण्डिबियो र घोडचढीलगायत मौलिक एवं परम्परागत खेलकुद प्रतियोगिताको विकासका लागि रु ११ लाख बजेट विनियोजन गरिएको उहाँले संसद्मार्फत जानकारी दिनुभयो।

मन्त्री श्रेष्ठले खेलकुदका माध्यमबाट पर्यटनको विकास र विस्तारका लागि विभिन्न ११ वटा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न बजेट विनियोजन गरिएको भन्दै जुम्लाको पातार ासीमा स्वदेशी तथा विदेशी खेलाडीलाई तालिममा आकर्षित गर्न तथा ‘हाइअल्टिच्युड ट्रेनिङ सेन्टर’ निर्माण गर्न रु चार करोड विनियोजन गरिएको उल्लेख गर्नुभयो।

ेलखाको शैलुङमा तेक्वान्दो खेलको हाइअल्टिच्युड ट्रेनिङ कभर्डहल निर्माण गर्न रु दुई करोड विनियोजन गरिएको मन्त्री श्रेष्ठले बताउनुभयो। उहाँले अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई पुरस्कार प्रदान गर्न रु चार करोड ३५ लाख बजेट विनियोजन गरिएको भन्दै आगामी वर्षदेखि पदक जितेर आउनेबित्तिकै खेलाडीको बैंक खातामा पुरस्कारबापतको रकम जाने व्यवस्था मिलाइएको जानकारी दिनुभयो।

मन्त्री श्रेष्ठले आगामी वर्ष खेलकुद पूर्वाधार गर्न मूलपानी क्रिकेट रङ्गशाला निर्माण, कीर्तिपुरको क्रिकेट मैदानमा ‘फल्ड लाइट’ जडान, खेलाडी ‘फिटनेस’ हल तथा सामग्री व्यवस्था, हाइअल्टिच्युट ट्रेनिङ सेन्टर र खेलकुद तालिम केन्द्र स्थापना कार्यलाई प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँका अनुसार मन्त्रालयले रङ्गशालाको स्तरोन्नतिका लागि रु एक करोड बजेट विनियोजन गरेको छ।रासस

# भारतीय प्रधानमन्त्री मोदीले अर्को साता रुसको भ्रमण गर्ने

एएफपी

मस्को। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यही जुलाई ८ र ९ मा रुसको भ्रमण गर्नुहुने क्रेमलिनले बिहीबार बताएको छ। मस्कोले युक्रेनमा सैन्य आक्रमण सुरु गरेपछि मोदीको यो पहिलो रुस भ्रमण हुनेछ।

भारतले रुसी तेलको खरिद बढाएको छ। साथै भारत पश्चिमी प्रतिबन्धहरूमा संलग्न नभए पनि उक्त द्वन्द्वले मस्को र नयाँदिल्लीबीचको सम्बन्धको परीक्षण गरेको छ। मोदी र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले परम्परागतरूपमा मैत्रीपूर्ण रुस-भारत सम्बन्धको थप विकासको सम्भावनाहरूका साथै अन्तर्राष्ट्रिय र क्षेत्रीय एजेन्डाका सान्दर्भिक मुद्दामा छलफल गर्नुहुने क्रेमलिनले एक विज्ञप्तिमा जनाएको छ। रुसी राष्ट्रपति पुटिनले मोदीलाई सम्भावित कूटनीतिक र आर्थिक सहयोगीका रूपमा हेर्नुहुन्छ। रुस पश्चिममा एक्लो भएको छ तर युक्रेनमाथि रुसको आक्रमणले सम्बन्ध जटिल बनाएको छ।

सन् २०२२ सेप्टेम्बरमा उज्बेकिस्तानमा भएको क्षेत्रीय शिखर सम्मेलनमा पुटिन र मोदीबीचको बैठकमा रुसी राष्ट्रपति पुटिनले मोदीसँग आफूले द्वन्द्वका बारेमा ‘चिन्ता’ रहेको बुझेको र मोदीले यसलाई ‘जतिसक्दो चाँडो’ अन्त्य गर्न चाहेको बताउनुभएको थियो। भारतीय नागरिकहरू रुसी सेनासँग ‘सहायक नोकरी’ का लागि भर्ती भएको, केही रुसी सीमावर्ती गाउँमा फँसेको र उनीहरूलाई युक्रेनमा लड्नका लागि बाध्य बनाइएको जस्ता समाचार आएपछि यसै वर्षको प्रारम्भमा भारतले रुसमा आफ्ना केही



नागरिकलाई रिहा गर्न दबाब दिइरहेको बताएको थियो । भारतले आफ्ना नागरिकहरूसँग ‘यो द्वन्द्वबाट टाढा रहन’ आग्रह गरेको छ।

नयाँदिल्ली पनि किएभको कट्टर समर्थक भएको छैन । विशेषगरी गत महिना स्विट्जरल्यान्डमा एक शान्ति शिखर सम्मेलनमा संयुक्त विज्ञप्तिमा हस्ताक्षर गर्न भारतले अस्वीकार गरेको थियो। उक्त विज्ञप्तिमा कुनै पनि शान्ति सम्झौतामा युक्रेनको क्षेत्रीय अखण्डताको सम्मान गर्न आह्वान गरिएको थियो । भारत रुसी तेलको प्रमुख खरिदकर्ता पनि बनेको छ। पश्चिममा रुसलाई परम्परागत बजारहरूबाट विच्छेद गराएपछि त्यसलाई भारतले अत्यावश्यक निर्यात बजार उपलब्ध गराएको छ। तर भुक्तानीको समस्या र भारतको पूँजी नियन्त्रणका कारण रुसी निर्यातकर्ताहरूले आम्दानी फिर्ता गर्न नसककेको समाचार आएको छ।

हालै ऐतिहासिक तेस्रो कार्यकालका लागि निर्वाचित हुनुभएका प्रधानमन्त्री मोदीले पछिल्लो पटक सन् २०१९ सेप्टेम्बरमा सुदूर पूर्वी सहर भ्लाडिभोस्टकमा भारत-रुस वार्षिक शिखर सम्मेलनका लागि रुसको भ्रमण गर्नुभएको थियो।

# साङ्घाई गठबन्धन ‘निष्पक्ष बहुध्रुवीय विश्व व्यवस्थाको एक प्रमुख स्तम्भ’ : पुटिन

एएफपी

अस्ताना ।रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच बुधबार द्विपक्षीय भेटवार्ता भएको छ। उहाँले बुधबार नै टर्कीएका राष्ट्रपति रेसेप तैयप एर्दोगानसँग पनि भेटवार्ता गर्नुभएको छ।

रूसी नेता पुटिनले चिनियाँ राष्ट्रपतिसीसँगको छलफलमा साङ्घाई गठबन्धनले ‘निष्पक्ष बहुध्रुवीय विश्व व्यवस्थाको एक प्रमुख स्तम्भ’का रूपमा आफ्नो भूमिकालाई मजबुत बनाइरहेको बताउनुभएको छ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ समकक्षी सी चिनफिङ बिहीबार मध्य एशियामा हुने क्षेत्रीय शिखर सम्मेलनमा सहभागी हुनुहुने छ । साङ्घाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) गठबन्धनको आयोजनामा हुने क्षेत्रीय सम्मेलनमा नेताद्वय पुटिन र सीबीच नियमित भेट हुने गरेको छ र यसको पछिल्लो सत्र कजाकिस्तानको राजधानी अस्तानामा भइरहेको छ।

सम्मेलनमा टर्कीएका राष्ट्रपति एर्दोगान पनि सहभागी हुनुहुनेछ। उहाँको देश समूहसँग ‘वार्ता साझेदार’ हो भने अन्य मुलुकमा मध्य एशियाली पूर्व सोभियत राज्यहरू, भारत, चीन, रूस



र इरान पूर्ण सदस्य रहेका छन्। चीन, भारत, इरान, रूस, कजाखस्तान, किर्गिस्तान, उज्बेकिस्तान, पाकिस्तान र ताजिकिस्तान यसका नौ पूर्ण सदस्य राष्ट्र हुन्। पश्चिमा प्रतिबन्धित इरान पूर्ण सदस्यका रूपमा सामेल भएको एक वर्षपछि युक्रेनमा रूसको युद्धलाई समर्थन गरेको कारण बहिष्कृत भएको बेलारुस बिहीबार १० औं पूर्ण सदस्य बन्नेछ।

रूस र चीन दुवैले विश्व मञ्चमा अमेरिकी नेतृत्वको ‘आधिपत्य’ को विरोध गर्दै आएका छन् ।मस्कोलाई समर्थन गरेको भन्दै पश्चिमा मुलुकबाट आलोचना खेपिरहेका सीले बुधबार पुटिनलाई आफ्नो ‘पुरानो मित्र’लाई फेरि भेट्न पाउँदा खुसी लागेको बताउनुभएको थियो । टर्कीएका राष्ट्रपति एर्दोगानले बुधबार पुटिनलाई टर्कीमा निमन्त्रणा गर्दै युक्रेनमा ‘दुवै पक्षलाई सन्तुष्ट पार्न सक्ने निष्पक्ष शान्ति’ का लागि आह्वान गर्नुभएको थियो। उहाँले युद्धरत देशहरूबीच मध्यस्थता गर्ने प्रयास गर्नुभएको छ।

सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी भने सहभागी हुनुभएको छैन । एससीओको स्थापना सन् २००१ मा भएको थियो तर पछिल्ला वर्षहरूमा यो निकै चर्चामा आएको छ । सङ्गठनले सुरक्षा र अर्थतन्त्रमा ध्यान केन्द्रित गर्दै अमेरिका नेतृत्वको पश्चिमी गठबन्धनसँग प्रतिस्पर्धामा सहयोगको लागि एक प्लेटफर्म हुन अभिप्रेरित गरेको छ । बेलारुसका राष्ट्रपति अलेक्जेन्डर लुकाशेन्कोले कजाखस्तानका सञ्चारमाध्यमलाई दिएको अन्तर्वार्तामा गठबन्धनले ‘वैकल्पिक अन्तर्राष्ट्रिय मञ्च, शक्तिका विभिन्न केन्द्र छन् भन्ने कुरा विश्वसामु प्रदर्शन गरेको’ भन्दै सङ्गठनको प्रशंसा गर्नुभएको छ । यो गठबन्धनले विश्वको ४० प्रतिशत जनसङ्ख्या र कूल गार्हस्थ्य उत्पादनको करिब ३० प्रतिशत प्रतिनिधित्व गर्ने दाबी गरेको छ तर यो पनि विवादरहित समूह भने बन्न सकेको छैन । यसका कतिपय सदस्यबीच भूगोल र राजनीतिक दृष्टिकोणका कारण आपसी मनमुटाव रहेको देखिन्छ।

रूस र चीन पश्चिमी प्रभुत्वविरुद्ध एकजुट भएपनि मध्य एसियामा उनीहरू आर्थिक प्रतिस्पर्धी हुन् । यो क्षेत्र तेल र ग्यासमा धनी छ र एशिया र युरोपबीचको महत्त्वपूर्ण यातायात मार्ग पनि हो । चीन र भारत पनि साझा सीमा भएका दुई छिमेकी राष्ट्र हुनुको अलावा आर्थिक विकासको हिसाबबाट विश्वका प्रमुख प्रतिस्पर्धी अर्थतन्त्र हुन् । यी दुई मुलुकबीच बेला बेला सीमा क्षेत्रको बिषयलाई लिएर सम्बन्धमा उतारचढाव देखिने गर्छ।

# कङ्गोमा आक्रमणपछि चार चिनियाँ नागरिकको मृत्यु भएको आशङ्का

एएफपी

बेइजिङ। चीनले बिहीबार डेमोक्र्याटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) मा भएको सशस्त्र आक्रमणमा आफ्ना धेरै नागरिक मारिएको तथा बेपत्ता भएको पुष्टि गरेको छ।

स्थानीय स्रोतले बुधबार सुनको धनी इटुरी प्रान्तको खानी स्थलमा सशस्त्र लडाकूको आक्रमणमा कम्तिमा चार चिनियाँ नागरिकको मृत्यु भएको जनाएको छ ।बेइजिङको विदेश मन्त्रालयले डीआरसीमा रहेको एक निजी चिनियाँ कम्पनीमा सशस्त्र बलले आक्रमण गरेको जनाएको छ। आक्रमणपछि धेरै चिनियाँ नागरिकको मृत्यु भएको वा बेपत्ता भएको मन्त्रालयले जानकारी दिएको छ।

चीनले आक्रमणको कडा निन्दा गरेको र सरकारले हत्याराहरूलाई सकेसम्म चाँडो खोजी गरी कानुन अनुसार कडा सजाय दिन माग गरेको मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा बताउनुभयो ।रासस

# राष्ट्रपति सीद्वारा बाह्रय हस्तक्षेपको प्रतिरोध गर्न विश्वका नेताहरुलाई सुझाव

एएफपी

बेइजिङ । चिनियाँ राष्ट्रपति सी चिङफिङ्ले बिहीबार कजाखस्तानको राजधानी अस्तानामा भएको मध्य एसिया शिखर सम्मेलनमा नेताहरूलाई बाह्य हस्तक्षेपको प्रतिरोध गर्न सुझाव दिनुभएको राष्ट्रिय सञ्चार माध्यमले जनाएको छ।

“हामीले बाह्य हस्तक्षेपको प्रतिरोध गर्न, एकअर्कालाई दृढतापूर्वक समर्थन गर्न, एकअर्काको ख्याल राख्न र हाम्रो देशको भविष्य र क्षेत्रीय शान्ति र विकासलाई दृढतापूर्वक नियन्त्रण गर्न हातेमालो गर्नु आवश्यक छ,” सीले साङ्घाई कोअपरेशन अर्गनाइजेसन (एससीओ) को बैठकमा भन्नुभयो। मस्कोदेखि बेइजिङसम्म विशाल क्षेत्रलाई समेट्ने एससीओमा विश्वको लगभग आधा जनसङ्ख्या समावेश रहेको छ र यसको १० औं सदस्यको रुपमा बिहीबार बेलारुसलाई स्वागत गरिएको



छ। यस वर्षको आयोजक कजाकिस्तान, भारत, चीन, किर्गिजस्तान, पाकिस्तान, रसिया, ताजिकिस्तान, उज्बेकिस्तान र गत वर्षको आयोजक इरान यसका अन्य नौ स्थायी सदस्य हुन्।

“एससीओ निष्पक्षता र न्यायको पक्षमा खडा हुनु विश्वका लागि अत्यन्त महत्त्वपूर्ण छ,” राष्ट्रपति सीले बताउनुभयो ।सीले बुधबार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग छलफल गर्नुभएको थियो । छलफलका क्रममा राष्ट्रपति पुटिनले सीलाई साङ्घाई गठबन्धनले ‘निष्पक्ष बहुध्रुवीय विश्व व्यवस्थाको एक प्रमुख स्तम्भ’का रूपमा आफ्नो भूमिकालाई मजबुत बनाइरहेको बताउनुभयो। एससीओको मुख्य उदेश्य सदस्य राष्ट्रहरुहरू बीच आर्थिक सम्बन्ध सुधार गर्ने र मध्य एसियामार्फत चीन र युरोपलाई जोड्ने विशाल परियोजनाहरूको विकास गर्नु हो ।रासस

# ग्लोबल आइएमई बैंक र भूमि डेभलपर्स बिचसमझदारी

टुडे समाचारदाता

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेड र भूमि डेभलपर्स प्रा.लि. तथा प्यासिफिक डेभलपर्स प्रा.लि. बिच हरित आवास कर्जा प्रवाह गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ।

उक्त समझदारी अनुसार बैंकले ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं ३, किटिनीस्थित भूमि डेभलपर्स तथा प्यासिफिक डेभलपर्सले निर्माण गर्ने वातावरण मैत्री आवासीय घर खरिदकर्ताहरुलाई सहज रुपमा कर्जा प्रवाह गर्नेछ।

बैंकले भूमि तथा प्यासिफिक डेभलपर्स प्रा.लि.ले बिक्री गर्ने वातावरण मैत्री आवासीय घरहरु खरिद गर्न चाहने ग्राहकलाई ३ कार्यदिन भित्र सरल र सहज कर्जा प्रवाह गर्नेछ।

यसका साथ-साथै ग्लोबल आइएमई बैंक भूमि तथा प्यासिफिक डेभलपर्स प्रा.लि.ले निमाण गर्ने परियोजनाको बैंकिङ् पार्टनरको रुपमा समेत रहनेछ।




उक्त समझदारी पत्रमा बैंककोतर्फबाट साना, मझौला, खुद्रा तथा कृषि कर्जा विभाग प्रमुख नरहरि सिलवाल र डेभलपर्सकातर्फबाट संचालक वेंकटेश मुन्दराले हस्ताक्षर गर्नुभएको छ।

बैंकले १२ करोड रुपैयाँसम्म प्रवाह गर्ने हरित आवासीय घर कर्जा ७ वर्षसम्मको अवधिका लागि ८.९९ प्रतिशत स्थिर ब्याजदर र सोपश्चात् कूल कर्जा अवधिको अधिकतम ३० वर्षसम्मका लागि १.७५ प्रतिशतको प्रिमियम दरमा उपलब्ध हुनेछ।

इको-फ्रेन्डली घर/भवन र अपार्टमेन्टहरूको निर्माण गर्न, पर्यावरण-मैत्री व्यक्तिगत घर वा आवासीय अपार्टमेन्ट तथा फ्ल्याटहरू खरिद गर्नका लागि यो कर्जा लिन सकिनेछ। यसका साथै वातावरणमैत्री उपायहरू अवलम्बन गर्ने क्रममा विद्यमान भवनहरूलाई पर्यावरणमैत्रीमा स्तरोन्नति तथा इको-फ्रेन्डली भवनहरूको मर्मतसम्भारका लागि समेत यस कर्जाको उपभोग गर्न सकिनेछ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट सेवा प्रदान गरिरहेको छ।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी प्रत्यक्षरुपमा लावान्भित गरिरहेको छ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ।

# पोखराको बिरौटामा सिटिजन्स बैंकको नयाँ शाखा संचालनमा

टुडे समाचारदाता

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा आफ्नो १९३औं शाखा गण्डकी प्रदेश, कास्कीको पोखरा महानगरपालिका बिरौटामा संचालनमा ल्याएको छ । यससंगै गण्डकी प्रदेशमा संचालनमा रहेका शाखाहरु १४ पुगेका छन् ।

बिरौटामाआज आयोजित एक कार्यक्रमका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गणेश राज पोखरेलज्यूले नयाँ शाखाको शुभारम्भ गर्नुभयो । कार्यक्रमलाई संवोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलज्यूले ग्राहकहरूलाई उत्कृष्ट सेवा सुबिधा पुर्‍याउने क्रममा पोखरामा थप एक शाखा संचालनमा ल्याएर अझ उच्चस्तरीय ग्राहक सेवामा समर्पित रहने कुरा व्यक्त गर्नुभयो। उक्त शाखाको उद्घघाटन समारोहमा स्थानीय निकायका प्रतिनिधिहरू, उद्योगी, व्यापारी, विभिन्न संघ संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवाहरुको उपस्थिति रहेको थियो। सुविधा सम्पन्न यो शाखामार्फत ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंग सेवा प्रदान गर्नुका साथै साना तथा कर्पोरेट व्यवसायीहरु माझ वित्तीय पहुँच पुर्‍याँउने लक्ष्य बैंकले राखेको छ। नयाँ शाखा संचालनको अवसरमा यो शाखामा खाता खोल्दा कर्पोरेट मोबाइल बैंकिङ्ग र इन्टरनेट बैंकिङ्ग जस्ता सेवाहरु पहिलो वर्ष निशुल्क




प्राप्त गर्न सकिनेछ। डि(म्याट खाता खोल्दा लाग्ने शुल्कमा पहिलो वर्षको लागि छुटको व्यवस्था रहेको छ। साथै लकर सुविधा लिँदा लकर अनिवार्य मौज्दातमा २५५र पहिलो बर्ष लकर शुल्कमा ५०५ छुट उपलब्ध रहेको छ ।

बिरौटामाआफ्नो नयाँ शाखाको शुभारम्भ गरेको दिनमानै बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत पोखरा १७ छोरेपाटनमा अवस्थितश्री गुप्तेश्वर महादेव वेदविज्ञान पाठशालालाई दैनिक उपभोग्य खाद्यान्न सामाग्रीहरु उपलब्ध गराएको छ । पाठशालामा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले सहयोग स्वरुप सामाग्रीहरु हस्तान्तरण गर्नुभएको हो । समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले पाठशालामा आवासीय रुपमा रहेर संस्कृत अध्ययन गर्दै आएका विद्यार्थीहरुलाई सहयोग गर्न पाउँदा आफू हर्षित भएको जानकारी गराउनुभयो ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९३ वटा शाखा, १५६ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ६० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ। हाल ५६ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ४ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

# हुन्डाईको कोना किन्न अब शून्य प्रतिशत ब्याजदरमा ऋण पाइने

टुडे समाचारदाता

काठमाण्डु । नेपालको लागि हुन्डाईगाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले आफ्नो विद्युतीय गाडी कोनाको खरिदमा शुन्य प्रतिशत ब्याजदर योजना सार्वजनिक गरेको छ। हुन्डाईले KONA मा "Zero Emission, Zero Interest" योजना सार्वजनिक गरेको हो।

दिगोपन र पर्यावरण-मैत्री भविष्यलाई प्रवर्द्धन गर्ने आफ्नो प्रतिबद्धता थप मजबूत गर्न यस योजना अन्तर्गत इच्छुक ग्राहकहरुले शुन्य प्रतिशत ब्याजदरमा पाँच बर्ष को लागि ५० प्रतिशत डाउनपेमेन्ट गरी हुन्डाई कोना खरिद गर्न सक्नेछन्।

आफ्नो उत्कृष्ट डिजाइन, पर्फोर्मंस र विश्वसनीयताका साथ, हुन्डाईले प्रतिस्पर्धी विद्युतीय सवारीको बजारमा छुट्टै पहिचान बनाउन सफल भएको छ। हुन्डाई KONA २ वटा भेरियन्टमा उपलप्ध छ। कोना GLको मूल्य ५९,९६,००० रुपैयाँ र GLS भेरियन्टको मूल्य ६४,९६,००० रुपैयाँ रहेको छ। हुन्डाई कोनामा मल्टी स्टेज हाइभोल्टेज सेफ्टी सिस्टम युक्त ३९.२ किलोवाट आवरको लिथियम आयोन पोलिमर व्याट्री रहेको छ, जसका कारण यसमा हाइ इनर्जी डेन्सीटी रहन गई रेन्जसमेत बढ्ने छ। कोना इलेक्ट्रीकलाई एक पटकको सिंगल चार्जमा ३०५ किलोमिटरसम्म गुडाउन सकिने छ। हुन्डाई कोनामा नयाँ डिजाइनको ग्रिल, डे टाइम रनिङ लाइट तथा ठूलो साइजको टेललाइट पाउन सकिन्छ। यसलाई १०० किलोवाट डीसी फास्ट चार्जरले ५४ मिनेटमा ८० प्रतिशत ब्याट्री चार्ज गर्नेछ।

नेपालमा हुन्डाईका गाडी लक्ष्मी इन्टरकन्टिनेन्टलले बिक्री वितरण गर्दै आईरहेको छ। विद्युतीय गाडीलाई लक्षितगर्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको कम्पनीले विभिन्न चरणमा आयोजना गरेको High Voltage Battery Check–up camp मा ५०० भन्दा बढी विद्युतीय सवारीसाधन मा परीक्षणको नतिजा अनुसार ५ वर्षसम्म चलाइएका कोनाका ब्याट्रीको शक्ति (SOC) ९८ प्रतिशत भन्दा बढी पाइएको थियो।

विश्वव्यापीरूपमा निकै रुचाइएको कोना नेपाली बजारमा पनि धेरै रुचाइएको विद्युतीय गाडी हो। हुन्डाई कोनाले नेपालमा विद्युतीय गाडीप्रतिको सोच, क्षमता, यसको उपयोगितालाई नयाँ परिभाषा मात्र दिएको छैन। यसले स्थापना गरेको विद्युतीय गाडी प्रतिको विश्वास, आफ्नो सर्वाधिक रि-सेल भ्यालुबाट दोस्रो बजारमा समेत आफ्नो पहिचान मजबुत बनाएको छ।

विश्वसनीयता प्रतिको प्रतिबद्धता हुण्डाईको आधारशिला हो र कोना इलेक्ट्रिक एउटा उदहारण हो जसले यो कुरालाई परिभाषित गर्दछ। यस कारणहरुले हुन्डाई कोनाले नेपाली अटोबजारमा आफ्नो साखलाई अझै मजबूत बनाउनुका साथै स्वच्छ वातावरण र पर्यावरणमैत्री साधन खोज्ने ग्राहकहरुको पहिलो रोजाइ बन्न सफल रहेको छ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले नेपालभर १६ शोरुम तथा १९ सर्भिस सेन्टरहरु मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ। साथै ईभी चार्जिङ गर्नका लागि ४४ भन्दा बढी स्थानहरूमा चार्जिङ पोइन्ट स्थापना गरी सेवा दिदै आएको छ।

# सिद्धार्थ बैंकका ग्राहकहरुलाई हेयर एण्ड शान्ति ब्यूटी पार्लरमा छुट

टुडे समाचारदाता

काठमाण्डु । सिद्धार्थ बैंक र हेयर एण्ड शान्ति ब्यूटी पार्लर प्रा. लि. (काठमाडौं, कमलादी) बीच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।

सम्झौता अनुसार बैंकका ग्राहकहरुले हेयर एण्ड शान्ति ब्यूटी पार्लर प्रा. लि. अन्तर्गत देशभर रहेका तेह्र हेयर एण्ड शान्ति ब्यूटी पार्लरका शाखाहरुमा बैंक कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाबाट भुक्तानी गर्दा १०% सम्मको छुट प्राप्त गर्न सक्नुहुनेछ।

यस सम्झौताले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ। यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको२४ सै घण्टा खुल्ला रहनेग्रहक सेवा केन्द्र, 'सिद्धार्थ रिवार्डस' का निम्न माध्यमहरु मार्फत सम्पर्क गर्न सक्नुहुनेछ।

बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने क्रममा केहि समय अघि मात्रै 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको छ।

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय धनुषा
जनकपुरधाम, धनुषा, नेपाल

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो। यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ। सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो। मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ। तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ।

**त्यसैले**:

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।

मधेश सरकार
उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
भुमिगत, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
बिरगंज, पर्सा, नेपाल

जनहितमा जारी सूचना

- शिवालिक-चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना (River Linking Project) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना (खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरिने छ।
- सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्न किसान केन्द्रित कार्यक्रमको रूपमा आवश्यकता पहिचान गरी कार्यान्वयन गरिने छ।
- सतह सिंचाईमा पहुँच नभएका खेतीयोग्य जग्गाहरू तथा नगदेबाली सम्भाव्य क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा नविन प्रविधिमा आधारित सिंचाई कार्यक्रमहरु संचालन गरिनेछ।
- जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge"अवधारणालाई नाराको रुपमा मूर्तरुप दिईभूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातकोपानी संकलन तथासंरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ।भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य(Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ।
- "व्यवस्थित जलाधार समृद्धिको आधार" भन्ने मर्म अनुरुप माथिल्लो तथा तल्लो तटीयक्षेत्र अन्तरसम्बन्धको आधारमा चुरे भू-परिधिको प्रभावकारी संरक्षण गर्न सरोकारवालासंगको समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन मार्फत जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यहरु गरिनेछ। प्रदेश भित्र रहेका नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टी सङ्कलन तथा उत्खननका साथै क्रसर उद्योग समतेलाई व्यवस्थित गर्न आवश्यक ऐन, कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
- सुख्खा ग्रस्त क्षेत्र घोषणा गरि आपतकालिन रुपमा वोरिङ्ग, डिप वोरिङ्ग, डिप टयुव वेल, स्यालो टयुववेल, सोलार पम्प सिंचाइ प्रविधी प्रयोग गरि सिंचाइ मांगलाई सम्बोधन गरिनेछ।

# एसको अध्यक्षमा नेपाल र महासचिवमा भुसाल सर्वसम्मत

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा(एकीकृत समाजवादी)को अध्यक्षमा माधवकुमार नेपाल सर्वसम्मत निर्वाचित भएका छन् । काठमाण्डुमा बिहीबार सम्पन्न एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशनले नेपाललाई सर्वसम्मतरुपमा पुनः अध्यक्षमा चयन गरेको छ । २०७८ साल भदौं २ मा नेकपा एमालेबाट विद्रोह गरी उनले पार्टी स्थापना गरेका थिए ।



पार्टी स्थापनाको ३४ महिनापछि उनले महाधिवेशन सम्पन्न गरेका छन् । सुरुमा नेपाललाई नेता घनश्याम भुसालले चुनौती नै दिएका थिए । बुधबार बन्दसत्रमा पेस भएको चारवटै दस्तावेज अनुमोदन भएको थियो । सोही दिन बेलुका अध्यक्षलगायत अन्य पदाधिकारीमा सर्वसम्मत चयन गर्नका लागि नेताहरु लागिपरेका थिए । नेतृत्व छनोटका लागि निर्वाचन प्रक्रियासमेत अगाडि बढाइएको थियो । तर अध्यक्षमा भुसालले दाबी नछोडेपछि निर्वाचनका सबै प्रक्रिया रोकेर शीर्ष नेताहरू छलफलमा जुटेका थिए। अन्ततः भुसालले महासचिव पदमा मन बुझाएपछि अध्यक्षमा नेपाल सर्वसम्म चयन भए ।

नेपाल वामपन्थी आन्दोलनका एक अनुभवी, इमान्दार र विद्रोही स्वभावका नेता मानिन्छन् । नेपालको कम्युनिस्ट आन्दोलनलाई संगठित गर्ने काममा नेपालको नेतृत्वदायी भूमिका रहेको छ । पञ्चायती निरंकुश व्यवस्था, सक्रिय राजतन्त्रात्मक व्यवस्था ढालेर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न उनको अग्रणी भूमिका छ ।

त्यस्तै १० वर्षे माओवादी सशस्त्र विद्रोह, लडाकु र हतियार व्यवस्थापनका लागि उनको पहलकदमी स्मरणयोग्य नै रहेको छ ।

# सरकारले शिक्षालाई प्राथमिकतामा नराखेकोमा मन्त्री लेखीको गुनासो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा बिहीबार प्रदेशका माध्यमिक तहका विद्यार्थीद्वारा विज्ञान सामग्री प्रदर्शन कार्यक्रममा बोल्दै शिक्षा तथा संस्कृति मन्त्री लेखीले सरकारले शिक्षालाई प्राथमिकतामा नराखेको भन्दै गुनासो गरेका छन् ।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री लेखीले संघ, प्रदेश र स्थानीय तहको प्राथमिकतामा शिक्षा क्षेत्र प्राथमिकतामा नपर्नु दुर्भाग्य रहेको बताए ।

शिक्षा क्षेत्रलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता रहेको उनले औल्याए ।

उनले समुदायिक विद्यालयलाई आकर्षणको केन्द्रको रुपमा अघि बढाउनका लागि अभिभावक र सरोकारवाला गम्भीर हुनुपर्ने बताए ।

समाज विकास केन्द्रको आयोजना र शिक्षा तथा संस्कृति मन्त्रालयको सहयोगमा प्रदेशका आठ वटै जिल्लाका सहभागी भएका विद्यार्थीलाई सम्बोधन गर्दै उनले शिक्षा क्षेत्रलाई संघ सरकार र प्रदेश सरकारले प्राथमिकता नदिएको बताउँदै यसका लागि अभिभावक गम्भीर हुनुपर्ने उनले बताए ।



शिक्षा क्षेत्रमा प्रदेश सरकारलाई अझै पनि दबाब दिनुपर्ने भन्दै मन्त्री लेखीले मधेश प्रदेशमा शिक्षातर्फ काम गर्न निकै चुनौति रहेको समेत बताए । सातै प्रदेशमध्ये मधेश प्रदेशको शिक्षा खस्कँदो अवस्थामा रहेकाले प्रदेशवासीको लागि चासोको विषयसमेत रहेको उनले बताए ।

उनले समुदायिक विद्यालयमा आकर्षण नभई नीजि क्षेत्रको विद्यालयप्रति अभिभावक र विद्यार्थीको आकर्षण हुनु पनि सरकारको लागि चुनौति रहेको उनको भनाइ थियो ।

उनले विज्ञान प्रविधि र सूचनाको क्षेत्रमा समुदायिक विद्यालयका विद्यार्थी र नीजि विद्यालयका विद्यार्थी बीच प्रतिस्पर्धा गरी उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहस्वरुप अघि बढाएमा प्रदेशको हितमा हुने बताए ।

समाज विकास केन्द्र महोत्तरीकी अध्यक्ष रीना कुमारी मण्डलले मधेश प्रदेशका विद्यार्थीलाई विज्ञान, प्रविधि र सूचना क्षेत्रमा सहभागी गराउनुपर्ने आजको आधुनिक यूगको माग रहेको बताइन् । उनले यूग अनुसारको शिक्षाका लागि विज्ञान, प्रविधि र सूचना सबैको चासो रहेकाले यसलाई प्राथमिकताका साथ प्रदेश सरकारले यथेस्ट लगानी लगाएर विद्यार्थी र प्रदेशको भविष्यलाई सुरक्षित गर्नुपर्ने माग समेत गरिन् ।

प्रदेशका माध्यमिक तहका विद्यार्थीद्वारा विज्ञान सामग्री प्रदर्शनको क्रममा धनुषा, महोत्तरी, सर्लाही, सिरहालगायतका विभिन्न समुदायिक विद्यालयका विद्यार्थीहरुले विभिन्न सृजनात्मक विज्ञान सामग्रीको प्रदर्शन गरेका थिए । सोको अवलोकन मन्त्री लेखीले समेत गरेका थिए ।

# मेयर र उपमेयरसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश, उपमेयर रीता देवी र प्रमुख प्रशासकीय अधिकृत आरोपमा अख्तियारले मेयर, उपमेयर, नगरपालिकाका कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीसहित ११ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।



रामप्रकाश साहसहित ११ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

जिल्लाको कटहरिया नगरपालिका-२ स्थित जमुनिया बजारको सामुदायिक भवनमा टायल्स फ्लोरिङको काममा गरेको भन्दा धेरै काम देखाएर उपभोक्ता समितिलाई भुक्तानी दिएको

इन्जिनियर राजेशकुमार साह, योजना शाखा प्रमुख रामनरेश प्रसाद यादव, कार्यापलिका सदस्य समिशबिक्रम शाह र मनोज प्रसाद जैसवाल, इन्जिनियर मो.मकसुद आलम, बौद्धिमाई उपभोक्ता समिति अध्यक्ष सरोजकुमार साह, कोषाध्यक्ष बबिता कुमारी चौधरी र सचिव योगेन्द्र साहविरुद्ध पनि अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जनाएका छन् ।

आर्थिक वर्ष ०७८/०७९ मा सामुदायिक भवनमा टायल्स फ्लोरिङको काम उपभोक्ता समिति मार्फत गराइएको थियो । त्यस क्रममा भुक्तानी सिफारिस भएको नापी किताबमा १ हजार १९४.४१ वर्गमिटरमा टायल्स फ्लोरिङ भएको उल्लेख भए पनि फिल्डमा ७२०.८१ वर्गमिटर मात्र फ्लोरिङ भएको पाइएको अख्तियारले जनाएको छ ।

काम भएको भन्दा ४७३.६० वर्गमिटर बढीमा फ्लोरिङ भएको देखाएर १२ लाख ५२ हजार ९४१ रुपैयाँ ९५ पैसा भ्रष्टाचार गरेको भन्दै अख्तियारले मुद्दा दायर गरेको छ । अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेसँगै मेयर अजयप्रकाश, उपमेयर रीता देवी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश साह, कार्यपालिका सदस्यहरु समिशबिक्रम साह र मनोजप्रसाद जैसवाल निलम्बनमा परेका छन् ।

# बेचन झालाई ५ दिन थुनामा राख्न अनुमति



**टुडे समाचारदाता**

काठमाण्डु । नक्कली भुटानी शरणार्थी प्रकरणमा अनुसन्धानका लागि पक्राउ परेका ६२ वर्षीय बेचन झालाई ५ दिन थुनामा राख्न काठमाण्डु जिल्ला अदालतले अनुमति दिएको छ ।

काठमाण्डु प्रहरीले बिहीबार जिल्ला अदालतमा उपस्थित गराउँदै दोस्रो पटक अनुसन्धानका लागि म्याद मागेको थियो । संगठित अपराधमा अनुसन्धान गरिरहेकाले ६० दिनको हदम्यादमा यो दोस्रो पटक थुनामा राख्ने अनुमति जिल्ला अदालतले दिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाण्डुले ठगी र संगठित अपराधअन्तर्गतको कसुरमा अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति माग्दै जिल्ला अदालत काठमाडौंमा उपस्थित गराएको थियो । गत शुक्रबार पक्राउ परेका झालाई अदालतले अनुसन्धानका लागि हिरासतमा राख्न दिएको म्याद बिहीबार सकिएको थियो ।

नेपाल प्रहरीको टोलीले झालाई भारतबाट पक्राउ गरेर नेपाल ल्याएको थियो । पहिले अनुसन्धान हुँदा ठेगाना नखुलेको भन्दै अनुसन्धान नगरिएका झा पक्राउ परेपछि सो घटनामा दोस्रो चरणको अनुसन्धान सुरु भएको काठमाण्डु प्रहरीले जनाएको छ । उनीसँगै नक्कली भुटानी शरणार्थी प्रकरणमा उच्च राजनीतिक संलग्नता खुल्ने सम्भावना रहेको छ ।

# गृहमन्त्री लामिछानेको निलम्बन माग गरिएको रिटमा राय बाझियो

**टुडे समाचारदाता**

काठमाण्डु । गृहमन्त्री रवि लामिछानेविरुद्धको मुद्दामा सर्वोच्च अदालतका दुई न्यायाधीशबीच राय बाझिएको छ । न्यायाधीशद्वयले दुई थरीका परमादेश दिएपछि राय बाझिएको हो ।



न्यायाधीश सारंगा सुवेदीले गृहमन्त्रीले मार्गप्रशस्त गर्नुपर्ने परमादेश गरेकी छन् भने न्यायाधीश सपना मल्ल प्रधानले गृहमन्त्रीविरुद्ध निष्पक्ष अनुसन्धान हुनुपर्ने परमादेश गरेकी छन् ।

न्यायाधीश प्रधानले अनुसन्धान गर्ने निकायलाई सहकारी ठगीमा जाहेरी/सूचना/प्रतिवेदनमा निर्धक्क, निष्पक्ष र स्वतन्त्र भएर अनुसन्धान गर्न दिनु, दिलाउनु भनि उपप्रधानमन्त्री तथा गृहमन्त्रीको नाममा परमादेश जारी गरेकी छन् । उनीविरुद्ध रहेको जाहेरी अनुसन्धान अगाडि बढे नबढेको विषयको अनुगमन गर्नू, गराउनू भनी महान्यायाधिवक्ताको कार्यालयका नाउँमा समेत उनले आदेश जारी गरिन् ।

उनले जारी गरिएको परमादेशमा भनिएको छ, 'अनुसन्धान गर्ने निकायमा प्रभाव, दवाव वा असहयोग भए नभएको समेत विवरण सम्बन्धित प्रहरी कार्यालय तथा जाहेरवाला पीडितहरुसमेतबाटलिईमहान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालत अन्तर्गत रहेको फैसला कार्यान्वयन निर्देशनालयसमक्ष पेस गर्नू गराउनु ।'

आरोप लाग्दैमा कोही पनि दोषी नहुने भएकाले गृहमन्त्रीले पदबाट राजीनामा गर्न नपर्ने न्यायधीश प्रधानले भनेकी छन् ।

न्यायाधीश सुवेदीले भने अनुसन्धान प्रभावित हुन सक्ने भएकाले गृहमन्त्रीले पदबाट राजीनामा गर्नुपर्ने आदेश गरिन् ।

उनको परमादेशमा भनिएको छ, 'सहकारीको रकम हिनामिना भए गरेको कार्यबाट पीडित भएका भनिएका हजारौं सर्वसाधारणले उजुरी, निवेदन वा जाहेरी दर्ता गर्न जाँदाकै अवस्था देखि नै निष्पक्ष र स्वच्छ तवरले सम्बन्धीत निकाय तथा अधिकारीबाट कार्य सम्पादन भएको छ भन्ने कुरामा विश्वस्त हुने वातावरणको प्रत्याभूति दिनू राज्यको कर्तव्य हुन्छ । मन्त्रीपरिषद्को सदस्य समेत रहने गृहमन्त्री तथा महान्यायाधिवक्ताको कार्यालयले सो राज्यको कर्तव्यलाई कुनै पनि बहानामा उपेक्षा गर्न मिल्दैन । संवैधानिक नैतिकताको दृष्टिकोणबाट पनि संविधान तथा प्रचलित कानूनद्वारा निर्दिष्ट गरिए बमोजिम जाहेरी वा उजुरी दर्ता, अपराध अनुसन्धान तहकिकात, अभियोजन तथा न्याय निस्पादन समेतका सबै चरणमा स्वच्छता एवं निष्पक्षताको प्रत्याभूति हुने गरी कार्य गर्न कुनैपनि तवरले अवरोध नहुने गरी गृहमन्त्रीको पदमा आसिन व्यक्ति स्वयंले जिम्मेवारी वोध गरी नैतिक रुपमा मार्ग प्रशस्त गर्नु नै न्यायोचित हुन्छ ।'

# युवकलाई गोली प्रहार गर्ने दुई जना पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको गौशालामा युवकलाई गोली प्रहार गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनुषाको सबैला नगरपालिका- ९ स्थित भटिहनका ४७ वर्षीय शशी शंकर कापर र महोत्तरीको भंगाहा नगरपालिका -२ स्थित बखरीका ३० वर्षीय आशिष कुमार कंठ रहेका छन् ।

गत जेठ २८ गते गौशाला नगरपालिका- ५ स्थित मरहा खोलामा साँझ साढे ५ बजे वडा नम्बर ११ बस्ने बिनय कुमार सिंहमाथि गोली प्रहार गरी सुनको सिक्री लुटपाट भएको थियो । सो घटनामा महतो घाइते भएका थिए । घटनास्थलबाट दुईवटा गोली र दुईवटा गोलीको खोका बरामद भएको थियो ।

दुवैजनालाई महोत्तरी प्रहरीले बिहीबार सार्वजनिक गरेको छ । दुवैजना जेलबाट छुटेका साथी रहेको खुलेको महोत्तरी प्रहरीका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवारले बताए ।

दुवैजना १. प्र.२-००९ प २८६१ नं. को मोटरसाइकलमा पेस्तोलसहित लुटपाटमा संलग्न भएको प्रहरीले जनाएको छ । उनीहरुबाट लोड भएका कटुवा पेस्तोल र मोटरसाइकल बरामद भएको उनले बताए ।

घटना पश्चात् शशि शंकर कापर र आशिषले लगाएको कपडा पहिचान लुकाउनको लागि महोत्तरी पिपरा गाउँपालिका- ६ स्थित रतौली स्थित खेत्तमा पेट्रोल छरी जलाई नष्ट गरेको प्रहरी जनाएको छ ।

पक्राउ पेरका शशि शंकर कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित कैद भएकोमा १० बर्ष कैद भुक्तान गरी जलेश्वर कारागारबाट ५ भदौं २०७९ मा रिहा भएको उनले बताए ।

आशिष भने चोरी तथा डँका मुद्दामा ३० महिना कैद सजाय भुक्तान गरी जलेश्वर कारागारबाट रिहा भएका थिए । आरोपित शशिशंकर र आशिषसहित लुटपाटका विभिन्न आपराधिक घटनामा संलग्न यसैगिरोहका अन्य तीन जनालाईपनि जिल्लाप्रहरी कार्यालय जलेश्वलेसार्वजनिक गरेकोछ ।

# लक्की ज्वेलर्सले तस्करीको सुन किनेको सीआईबीको निष्कर्ष

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाण्डुस्थित न्यूरोडमा रहेको लक्की ज्वेलर्सले तस्करीको ३३१ किलो सुन किनेको प्रमाण नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले फेला पारेको जनाएको छ ।

सुन तस्करी अनुसन्धानका क्रममा सीआईबीले काठमाण्डु महानरपालिका-२२ स्थित न्यूरोड क्षेत्रमा रहेको भारतीय नागरिक सिद्धनाथ अशोक गायकवाडको सुन रिफाइनरी कोठाबाट केही कागजात बरामद गरेको थियो ।

लक्की ज्वेलर्सको नामको बिल प्याडसमेत सो ठाउँबाट भेटिएको थियो । सो बिल प्याडअनुसार २ ९ पुस २०७९ मा १२१.५५ किलो, ११ असोज २०७९ मा १७७.४१९ किलो, १२ असोज २०७९ मा १८.३६० किलो र ६ पुस २०७९ मा १३.७२ किलोगरी ३३१.०४९ किलो तस्करीको सुन लक्की ज्वलेर्सले किनेको देखिएको सीआईबीका एक अधिकारीले जनाए ।

सिद्धनाथको रिफाइनरी हाउसबाट सो कागजात बरामद भएदेखि लक्कीका मेनेजर ३८ वर्षका मुकुन्दकुमार ठाकुर भने फरार छन् ।

सीआईबीको अनुसन्धानका आधारमा जिल्ला सरकारी




वकिल कार्यालय काठमाण्डुले काठमाण्डु जिल्ला अदालतमा दायर गरेको मुद्दामा लक्कीका मेनेजर मुकुन्दलाई पनि प्रतिवादी बनाइएको छ ।

सुन तस्करीमा लक्की ज्वेलर्स पनि संलग्न भएको कागजात भेटिएपछि 'सीआईबी मिलाइ दिन्छु' लक्की ज्वेलर्सबाट १० लाख रुपैयाँ लिएको आरोपमा प्रहरीले सरोज गुप्ता नाम गरेकी एक महिलालाई बयानमा बोलाएको थियो ।

यसअघि मोबाइल वालेट कम्पनीहरुले समेत मुद्दा मिलाइदिन पूर्व प्रहरी नायब उपरीक्षक केपी शर्मा भन्ने कृष्णप्रसाद शर्मा र झविन्द्र खत्रीले ८ लाख ५० हजार रुपैयाँ लिएको पाएपछि सीआईबीले उनीहरुलाई पक्राउ गरेको थियो । उनीहरुविरुद्ध आपराधिक विश्वास गरी ठगी गरेको कसुरमा अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ ।

सो ज्वेलर्सको बुटवल, नारायणघाट,पोखरा,धरानलगायतका स्थानमा शाखासमेत रहेका छन् ।

# बालश्रमलाई सम्बोधन गर्न प्रदेश सरकारसंग माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले जारी गरेको श्रम तथा रोजगार ऐनमा बालश्रमलाई सम्बोधन नगरेको पाइएको छ ।

बालश्रमलाई बेवास्ता गर्दै जारी गरिएको सो ऐनका कारण मधेश प्रदेशमा लाखौंको संख्यामा बालबालिकाहरु काम गर्न बाध्य रहेका छन् ।




जनकपुरधाममा बिहीबार मधेश प्रदेशमा बालश्रम र शिक्षा नीति संवाद कार्यक्रममा बालबालिकाको भविष्यप्रति राज्य स्वयम् गम्भीर नभएकै कारण बालबालिकाको हकअधिकारलाई कुण्ठित गरेको भन्दै तत्काल सो ऐन सच्याउनुपर्ने वक्ताहरुले जोड दिएका छन् ।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले शिक्षा क्षेत्रप्रतिको आकर्षण घट्नु दुःखद रहेको बताएका छन् ।

सभामुख मण्डलले सरकारी विद्यालयमा निःशुल्क शिक्षा भनिए पनि विभिन्न नाममा शुल्क लिने र नाम मात्रको शिक्षालयका कारण सामुदायिक विद्यालय अव्यवस्थित रहेको प्रति चिन्ता व्यक्त गरे ।

उनले सामुदायिक विद्यालय प्रतिको आकर्षण र अध्ययनप्रतिको रुची बालबालिका विद्यार्थीमा घट्नु भविष्यका लागि चिन्तनको विषय रहेको बताए ।

शैक्षिक क्षेत्रलाई सुधार गर्नका लागि प्रदेश सरकारले प्राथमिकता साथ बजेटको सदुपयोग गर्नुपर्ने उनको भनाइ थियो ।

त्यस्तै शिक्षा तथा संस्कृति मन्त्री राजकुमार लेखीले बालबालिकालाई पढ्ने र पढाउने उमेरमा काममा लगाएर श्रम शोषण भइरहेको बताए । उनले बालबालिका भविष्यको कर्णधार रहे पनि अभिभावक र सरोकारवालको लापरवाहीका कारण शैक्षिक क्षेत्र लथालिंग परेको बताए ।

उनले बालश्रमको न्यूनीकरण गर्दै शिक्षाप्रतिको आकर्षण र अभिभावकले आफ्नो बालबालिकालाई अध्ययन अध्यापन तथा विद्यालयलगायतका क्षेत्रमा हुने गरेका गतिविधितर्फ गम्भीरतापूर्वक ध्यान दिनुपर्ने बताए ।

आसमान नेपालले आयोजना गरेको सो कार्यक्रममा पूर्व स्थानीय विकास अधिकारी गुरुप्रसाद सुवेदी र संस्थाकातर्फबाट मणिराज आचार्यले कार्यपत्र प्रस्तुत गरेका थिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८